CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास–प्रधान त्रैमासिक पत्रिका

६२

पूर्णाङ्क

संशोधन–मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का. मे. अ. द. नं. १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलगाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास–प्रधान त्रैमासिक पत्रिका)

१६ वर्ष २ अङ्क

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
देवीप्रसाद भण्डारी
(संशोधन–मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. १५।–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषय–सूची

१. कुनू शर्माको विषयमा थप कुरा	महेशराज पन्त	१–१०
२. श्री ५ पृथ्वीनारायण शाहको उपदेशको मूल भागको ऐतिहासिक व्याख्या	नयराज पन्त देवीप्रसाद भण्डारी गौतमवज्र वज्राचार्य दिनेशराज पन्त	११–४६

१. वाङ्मुख	पूर्णिमाका सम्पादक	११–२३
२. राजाका धन दुनियाँ हुन्		२३–२६
३. अन्याय हुन दिनु हुँदैन		२६–२८
४. सिपाहीलाई पायक पर्ने खान पुग्ने जग्गा दिनू		२९–३०
५. राजाले विवेक राख्नुपर्छ		३०–३४
६. लालमोहर राजाबाटै हुनुपर्छ		३४–४०
७. नेपालखाल्डोलाई मुगलले जित्नेछन् भन्ने हल्ला		४०–४५
८. मुगललाई हराउने उपाय		४५
९. जङ्गी बन्दोवस्तको एक अंश		४६

३. आत्मसंशोधन	महेशराज पन्त दिनेशराज पन्त	४७
४. चौधौँ वर्षको आम्दानीखर्चको विवरण		४८

शुद्धिपत्र

६१ अङ्कमा

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
२०	१७	पृष्ठमा	सङ्ख्यामा
४१	१०	जनमनस्त्	जनमनस्तु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुनू शर्माको विषयमा थप कुरा

— महेशराज पन्त

पाटनका राजा श्रीनिवास मल्लको पालामा वि. सं. १७०८ मा कुनू शर्मा भन्ने एक जना पण्डितले *कीर्तिपताका* भन्ने संस्कृत काव्य रचेका रहेछन् । पाटन शहरका मुख्य मुख्य ठाउँको बयान गर्नको लागि रचिएको त्यस पुस्तकबाट तीन सय वर्षअघिको पाटन शहरको स्थिति बुझिने हुनाले योगी नरहरिनाथले नेपालीमा उल्थासमेत गरी *कीर्तिपताका*को सम्पादन गर्नुभएछ । योगीजीले पढ्नुभएको *कीर्तिपताका*को पाठ र त्यसको उहाँले गर्नुभएको उल्था जगदम्बा–प्रकाशनमालाको सोह्रौं ग्रन्थको रूपमा ललितपुरबाट वि. सं. २०१८ मा जगदम्बा प्रकाशनद्वारा प्रकाशित भयो । त्यहाँ प्रकाशकको तर्फबाट श्रीकमल दीक्षितको भूमिका परेको छ । त्यहाँ एक ठाउँमा उहाँले यस्तो लेख्नुभएको छ—

> योगीज्यूको भनाइअनुसार श्री कुनु शर्माले बनाएका त्रि–शतक तीन शतकको चर्चा धेरै सुनिएको छ । तर तीन शतक ब्रह्मा, विष्णु, महेश्वरका हुन् अथवा ललितपुर, कान्तिपुर, भक्तपुर यी तीन शहरका हुन् निधो पाइएको छैन । तैपनि उपत्यकाका तीन घण्टहरू झैं एक शहरमा एउटा विशिष्ट काम हुनासाथ अरू दुई शहरमा पनि तुरुन्त अनुकरण हुने हुनाले कुनु शर्माको त्रि–शतक तीन पुरका हुनु बढ्ता संभव छ ।[1]

कुनू शर्माले बनाएका त्रिशतकको चर्चा योगीजीले सुन्नुभएको रहेछ भन्ने कुरा यताबाट बुझिन्छ र यी त्रिशतक त्रिमूर्तिको विषयमा भन्दा नेपालखाल्डाका तीन शहरको विषयमा हुनु बढ्ता सम्भव छ भन्ने श्रीदीक्षितको विचार देखिन्छ ।

नेपाल राष्ट्रिय अभिलेखालयमा माइक्रोफिल्मको रीलसङ्ख्या १७०२ / ७ र ९ मा गरी कुनू शर्माको *रुद्रशतक*का दुइ प्रति छन् । सो *रुद्रशतक*को उठान यसरी गरिएको छ—

१ ॐ नमो दुर्गायै ।।

ब्रह्माण्डोद्भूतको वोऽद्भुतभयदलनो भालशुभ्रांशुबिम्बो ‸
भक्तानां भूतिभूरोप्रवरसुखकरो भोगिहारार्तिभीमः ।
भूयो भूयो भवानोप्रभुरिति भगवान् ‸ भावुकं भव्यरूपो
देयाद्देयाद्भुवेशो भवभयहरणो ‸ भक्तिभाव्यो भवेन्द्रः ।। ।।

---

१. प्रकाशकीयको [।।] पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सो *रुद्रशतक*को मूल विषयको समाप्तिचाहिँ यसरी गरिएको छ—

संसाराद्भुतकेशरीदरकरक्रीडासुखं क्रीडकाः
पीत्वा मोक्षरसञ्च रुद्रशतकं ‸ क्रीडन्ति रुद्रान्तिके ।
लीयन्ते भवमोहकंचुकतनुं ‸ त्यक्त्वा ततो ज्ञानिनः ‸
शान्तानन्दकरे निरन्तरसुखे ‸ ज्योतिर्म्मये वाङ्मये ।।१११।।

यसपछि त्यहाँ यस्तो लेखिएको छ—

इति श्रीमैथिलेय[2]कुनूशर्म्मणा विरचितं रुद्रशतकं समाप्तं ।। ।।

अस्ति श्रीललितभिधाननगरी ‸ स्वर्ग्गावतीर्ण्णा भुवि ‸
श्रीमत्सिद्धिनृसिंहमल्लपतिना ‸ संपालितायां मुदा ।
तस्यां व्यारचितञ्च रुद्रशतकं ‸ श्रीमैथिलेयेन वै ‸
विद्यासागरशारदेन्दुसदृशश्रीयुक्कुनूशर्म्मणा ।। ।।

सोमार्ब्धाषियुते शरत्प्रवरके ‸ नैपालसंख्ये शुभे ‸
चैत्रे मासि च शुक्लपक्षवरदे जीवाहृनो संयुते ।
श्रीलोकेशतिथौ च रुद्रशतकं ‸ छन्दोभिराग्रन्थितं ‸
विद्यासिन्धुकुलोद्भवद्विजवर ‸श्रीमत्कुनूशर्म्मणा ।।

शुभमस्तु सर्व्वदा ।। ।।
शिव शिव शिव शिव शिव ।।

*रुद्रशतक*को रीलसङ्ख्या १७०२ / ७ को प्रतिमा यसपछि अलि मसीनो टाँकाले यस्तो लेखिएको छ—

१ तनिग्लतोलसंस्थेन ‸ श्रीकुनूशर्म्मणा कृतं ।
रुद्रविष्णोः स्तवं भव्यं श्रीकुम्भेश्वरहेतवे ।।
शुभमस्तु ।। ।। ।।

२. १७०२ / ९ को प्रतिमा– श्रीमिलवंशोद्भव° ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल राष्ट्रिय अभिलेखालयमा माइक्रोफिल्मको रीलसङ्ख्या १७०२ / ५ र ६ मा गरी कुनू शर्माको *विष्णुशतक*का दुइ प्रति छन्। सो *विष्णुशतक*को उठान यसरी गरिएको छ—

विष्णुर्ज्जिष्णवनुजः सहिष्णुरसुभृद्वर्ग्गेषुविश्वम्भरो
भ्राजिष्णुश्च विभूषणैर्व्विभवदो जिष्णुः सपत्नेषु वः।
स्थाष्नुर्ब्रह्मविदाम्बराब्जहृदये रोचिष्णुरंश्चातपै-
र्भूष्णुर्भावयुतात्मनां प्रकृतिपो भद्राणि देयात्प्रभुः ॥१॥

आफूले रचेको *विष्णुशतक*को माहात्म्य गाउँदै कुनू शर्मा यसरी ग्रन्थ टुङ्ग्याउँछन्—

सङ्ग्रामे जयमाप्नुयाद्धि पितरः स्वर्ग्गे प्रसीदन्ति वै
पीडायां निरुजं सभासमितिके प्राप्नोति पाठाज्जयं।
क्रूरोग्रग्रहपीडने भयभवे बन्धस्थिते शं लभे-
च्छ्रुत्वा वै मनुजोपि विष्णुशतकं पापोद्भवैर्म्मुच्यते ॥११२॥

इति श्रीमिथिलाकुलोद्भवश्रीकुनूशर्म्मणा विरचितं विष्णुशतकं समाप्तं॥

यसपछि ग्रन्थ रचेको समय यसरी दिइएको छ—

सोमार्ष्भर्षियुते च वत्सरवरे नेपालसंख्यागते
वैशाखे वरमासि पूषणदिने लम्बोदरश्रीतिथौ।
विद्यापाम्पतिवंशसम्भवतनुश्रीदेवजूशर्म्मणः
पुत्रेणारचितं (हि)[३] विष्णुशतकं श्रीयुक्कुनूशर्म्मणा॥ ॥

सं. ७७१ वैशाखशुद्धि ४॥

यी दुइ पुस्तक पाइनाले कुनू शर्माले बनाएका *विष्णुशतक* र *रुद्रशतक*को पत्ता लाग्न गएको छ। *विष्णुशतक* र *रुद्रशतक* पाइएकाले उनले *ब्रह्मशतक* पनि बनाएका थिए कि भन्ने अडकलमा बल मिल्न गएको छ। यस कारण

---

३. मूलमा एक अक्षर अपुग भएकोले कोष्ठमा हि राखिएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुनु शर्माको त्रि–शतक तीन पुरका हुनु बढ्ता संभव छ भनीं श्रीकमल दीक्षितले जो लेख्नुभयो, त्यो कल्पना नै ठहरिएको छ ।

कुनु शर्मा संस्कृतका प्रकाण्ड विद्वान् थिए भन्न यस काव्यमा परेका अशुद्धिहरूले दिदैन[४] भनी श्रीकमल दीक्षितले लेख्नुभएको कुराको पुष्टि *विष्णुशतक* र *रुद्रशतक*मा परेका अशुद्धिले पनि हुन्छ । उदाहरणको लागि *विष्णुशतक*को माथि उद्धरण गरिएको ११२ श्लोकको तेस्रो पाउमा परेको लभ् धातुको विधिलिङ्को प्रथमपुरुषको एकवचनको रूप लभेत्‌लाई औंल्याउनु नै मनग्य होला ।

*रुद्रशतक*मा कुनू शर्मालाई तनिग्लतोलसंस्थ =तनिग्लटोलमा बस्ने भनी लेखिएको कुरा *रुद्रशतक*बाट उद्धरण गरी माथि छापिएको एउटा श्लोकबाट बुझिन्छ । *कीर्तिपताका*बाट भने उनको घर खिमटोलमा थियो भन्ने बुझिन्छ । खिमटोल आजभोलि ठ्याक्क पत्ता लाउन गाह्रो पर्छ तापनि सोध्दै जाँदा टङ्गलबाट पूर्वपट्टि खिमटोल यही हो भनेर देखाउने मानिस अझै भेटिँदैछन् । त्यही खिमटोलमा राजराजेश्वरी छन्, त्यहीं आँगनमा जाईको बोट छ र त्यहीं निर कुनू शर्माको घर छ भनी *कीर्तिपताका*मा लेखिएको छ ।[५] कुनू शर्माले बयान गरेको राजराजेश्वरीको पीठ पनि त्यहाँ छँदैछ । तर त्यो भत्किएर ज्यादै नराम्रो हालतमा छ र मन्दिरको लगापात खुला पाइखानामा बदलिइसकेको छ ।

*कीर्तिपताका*मा एघाह्रौं श्लोकको टाउकोमा प्रथमतो निगलतो लको वण्यते[६] भनी मूलमा र उल्थामा चाहिं प्रथम त्यो निगल टोलको वर्णन गरिन्छ[७] भनी छापिएको छ र उन्नाइसौं श्लोकपछि तं निग्ल भनी मूलमा शीर्षक हाली बीसौं श्लोक दिइएको छ । त्यही श्लोकमा तंनिग्लटोलको बयान गरिएको छ । योगीजीले *कीर्तिपताका*को कुन पुस्तक फेला पार्नुभएको हो, केही खुलाइएको छैन । नेपाल राष्ट्रिय अभिलेखालयमा पाँचौंको १३८० सङ्ख्यामा (माइक्रोफिलमको रीलसङ्ख्या ए ३७७ / १ मा) *कीर्तिपताका*को एउटा प्रति छ । त्यस प्रतिमा योगीजीको प्रथमतो निगलतो लको वण्यते भन्ने पाठको ठाउँमा तत्र प्रथमं तनिगलतोरको वर्ण्यते ।। ।। भन्ने छ । योगीजीले प्रथम(मं) तोनिगलतोलको वण्य(र्ण्य)तेलाई दशरा मशरा गरी पढिदिनुभएकोले कुरा नबुझिएको रहेछ भन्ने अब स्पष्ट भएको छ । फेरि १९ श्लोकपछि तंनिग्ल भन्ने शीर्षक पनि अभिलेखालयको प्रतिमा छैन । एघाह्रौं श्लोकको टाउकोमा अब तनिगलटोलको बयान गरिन्छ भनी एघाह्रौं श्लोकदेखि तनिगलटोलको बयान थालो बीसौं श्लोकसम्म तनिगलटोलकै बयान आइरहेकोले तनिगलटोलभित्रै बुयिनाय गणेशको मन्दिर, खिमटोल, खिमटोलभित्र राजराजेश्वरीको पीठ, कुन

---

४. प्रकाशकीयको [।] पृष्ठ ।

५. *कीर्तिपताका*का १२–१३ श्लोक (४, ४१ पृश्ठ) ।

६. उही पुस्तकको ४१ पृष्ठ ।

७. उही पुस्तकको ४ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शर्माको घर, मीननाथ र मछिन्द्रनाथका मन्दिर, थंति र क्षेत्रपालको बयान गरिएको स्पष्ट हुन्छ । त्यस बेलाको तनिगल अर्थात् आजभोलिको टङ्गलको विस्तार त्यस बेला निकै परसम्म थियो र आजभोलि अलगगै मानिने थति अर्थात् थंतिसुद्धा त्यस बेला टङ्गलभित्रै पर्थे भन्ने बुझिन्छ । यताबाट उत्तरमा बुयिनाय गणेशदेखि लिएर दक्षिणमा क्षेत्रपाल अर्थात् दुलंद्यः अर्थात् त्यस बेलाको भाषामा दुलन्देवसम्म तनिगलटोल भनिने गरेकोले त्यस बेलाको टङ्गल निकै ठूलो रहेछ भन्ने बुझिएको छ । यस कारण हाम्रा कुनू शर्मालाई तनिग्लटोलमा बस्ने भनेर व्यापक अर्थमा भने तापनि उनको घरचाहिँ खास खिमटोलमा राजराजेश्वरीको पीठसँगै थियो भन्ने स्पष्ट हुन्छ ।[८]

---

८. अभिलेखालयमा रहेको *कीर्तिपताका*को प्रतिबाट तनिगलटोलको बयान—

तत्र प्रथमं तनिगलतोरको वर्ण्यते ।। ।।

बुयिनाय ।। ।।

श्रीयाम्ये दिशि किं ब्रुमोद्भुतकथां श्रीमत्पुरस्यैव वै
यत्रासौ प्रविराजते गणपतिर्गगाधरातिप्रियः ।।
श्रीयुक् सिद्धिविशुद्धिसिद्धिफलदः सिद्धोत्सवश्रीप्रदः
सिद्धासाध्यसविघ्नसाध्यवरदः साध्योत्सवानंदथुः ।।११।।

खिमतोन ।। ।।

यत्रासौ प्रविराजतेऽद्रिनतया श्रीराजराजेश्वरी
नानायोगवियोगसिद्धिवरदा श्रीयोगिनीसेविता ।।
वह्नीशाच्युतशक्रवह्निशमनश्रीदानिलापेश्वर-
क्रव्यात्सेवितपादपद्मयुगलं सिद्धर्षिवेदार्चिता ।।१२।।

यत्र धाय ग्वुगु एलदेशस खिमतोन धायां तोलसं श्रीअद्रितनया . भवानी . श्रीराजराजेश्वरी ना ×नानातरहन रूप केनाओ योगसमाधि वियोगसमाधिया सिद्धि वरदान बिया ×××× पनि सेन सेवा याङ तयाह्म अग्निदिशाया अग्निदेवता प्रभृति कृष्णजु . इंद्र अ × ....

CC-0. Nepal Sanskrit Academy, Kathmandu

*विष्णुशतक*को अन्तमा कुनू शर्माले आफूलाई मिथिलाकुलोद्भव = मिथिलाकुलमा जन्मेका भन्ने विशेषण लगाएका छन् भन्ने कुरा सोही पुस्तकको माथि उद्धरण गरिएको अंशबाट देखिन्छ । *रुद्रशतक*मा गद्यमा पनि पद्यमा पनि कुनू शर्माले आफूलाई मैथिलेय लेखेका छन् भन्ने कुरा पनि *रुद्रशतक*को माथि उद्धरण गरिएको अंशबाट स्पष्ट हुन्छ । मैथिलेय शब्दको व्याकरणसम्मत अर्थ मैथिली अर्थात् मिथिलामा जन्मेकीका छोरा भन्ने हुन्छ । मैथिली

जोलस्वान ।। ।।

यस्याघ्राय [पिता]महादिविबुधा लीना बभूवुः क्रमा-
च्छ्रीदेव्यंगनसंभवस्य सुरभीं जातिप्रसूनस्य तत् ।
पुष्पा[ग्रे गिरि]शो हरिः कमलजो मूले च मध्ये हि तत्
यत्पत्रेष्वमराः प्रदीव्यति गृहे श्रीमत्कुनूश[र्मणः ।।१३।।]

(२ क पत्र)

यत्रासौ प्रविराजते हि सततं श्रीमीननाथो भृशं
नानाबुद्धगणैः स शाक्यमुनिभिः सार्द्धं [च देवार्चितः ।।]
श्रीप्रासादहिरण्यतुंगकलशभ्राजिष्णुकायोत्तमो
नानाकल्पविभूषितांगसकलो ब[न्धूकपुष्पच]छविः ।।१४।।

यत्रासौ प्रविराजते सुवर्णपटलो मत्स्येंद्रनाथेन वै
नानाकृत्त्रिमपुत्त्रिकैस्त्रिप[टलै]र्गोपानसीभिस्समं ।
द्वारद्वादशतोरणाररयुतः श्रीमद्गवाक्षोज्ज्वलो
भास्वत्स्वर्णशिलोच्चयोत्तम इव श्रीविष्णुना सानुमान् ।।१५।।

तुङ्गघ्राणकपोलकर्णसुजटाविद्योतमानाननो
बंधूकारुणबंधुराधरपुटो विस्तारनेत्रत्रयः ।।
भास्वद्भानुविभावसुद्युतितनुर्मत्स्येंद्रनाथः प्रभु-
र्भाति द्यौपतिरन्तमौलिकिरणैर्विभ्राजपादाब्जकः ।।१६।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शब्ददेखि स्त्रीभ्यो ढक् ४।१।१२० भन्ने सूत्रले ढक् प्रत्यय आई मैथिलेय रूप बन्छ । काव्यमा पनि मैथिलौ अर्थात् मिथिलामा जन्मेकी सीताका छोरा लव कुशलाई मैथिलेय शब्दले बुझाएको पाइन्छ ।[९]

थंति ॥ ॥

यत्रासौ सह दीव्यति प्रतिसमां मत्स्येंद्रनाथो भृशं
यात्राभिर्नंटनैः प्रदीपललितैर्वाद्यं रथेन स्तवैः ॥
विब्बोकैरबलासु षिङ्गजनयो हर्षैर्मिथः प्रेक्षणं
रुद्रो देवगणैर्यथा दिवि वचे शृंगाटको भासते ॥१७॥

दुलंनदेव ॥
क्षेत्रपाल ॥ ॥

श्रीक्षेत्रो(३ क पत्र)त्तमसुंदरक्षितितले क्षेत्रोत्सवानन्दकः ॥
श्रीयक्षेश्वरसेवितांघ्रियुगलः क्षोणीश्वरक्षेमदः ॥
क्षोणक्षेमकरः क्षणद्युतिरदस्तीक्ष्णासिचर्मोज्ज्वलः
सुक्षौमांबरसुंदरो विरुरुचे श्रीक्षेत्रपालो भृशं ॥१८॥

तत्पीठे प्रविराजते सह गणै रुद्रध्वजोद्योतनो
नानाशस्त्रप्रथायुधोद्यतकरैः शृंगाटकप्रोज्ज्वलः ॥
पूर्द्वारोज्ज्वलचत्वरः प्रतिसमां मत्स्येंद्रनाथार्चितः
काले पूजनसुंदराभयकरः प्रोत्तुंगवांछाप्रदः ॥१९॥

तच्चासौ प्रविराजते हि सततं तंनिग्लतोलाभिधो
नानामण्डपमण्डितानि ललितः श्रीमंति शांतैः समं ॥
प्रासादैः कनकोज्ज्वलैः सुकलशैः कूपैः प्रणाल्युत्तमै-
र्नानापीठसुमण्डितो वरजनैं रथ्योज्ज्वलोरामकैः ॥२०॥

९. अथ प्राचेतसोपज्ञं रामायणमितस्ततः ।
मैथिलेयौ कुशलवौ जगतुर्गुरुचोदितौ ॥

(रघुवंश १५।६३)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यताबाट ठ्वाट्ट हेर्दा कुनू शर्माकी आमा मात्र मिथिलाकी हुन् कि भन्ने देखिन्छ । तर संस्कृतभाषामा राम्रो अधिकार नभएका यी कुनू शर्माले आफूलाई मैथिल भन्न खोज्दा मैथिलेय लेख्न पुगेका हुन् कि जस्तो देखिन्छ । किनभने *विष्णुशतक*मा उनले आफूलाई खालि मिथिलाकुलोद्भव मात्र भनेकाले यी कुनू शर्मा तिरहुते बाहुन हुन् भन्ने देखिन गएको छ ।

कुनू शर्माले रुद्रशतकमा विद्यासिन्धुकुलोद्भवद्विजवरश्रीमत्कुनूशर्म्मणा (विद्याको समुद्रको कुलमा जन्मेका असल बाहुन श्रीकुनू शर्माले) भनेर आफ्नो बयान गरेको कुरा माथिको उद्धरणबाट देखिएको छ । त्यस्तै *विष्णुशतक*मा उनले विद्यापाम्पतिवंशसंभवतनुश्रीदेवजूशर्म्मणः पुत्रेणारचितं हि विष्णुशतकं श्रीयुक्तकनूशर्म्मणा (विद्याको समुद्रको कुलमा जन्मेका श्रीदेवजू शर्माका छोरा श्रीकुनू शर्माले *विष्णुशतक* बनाए) भनी लेखेको कुरा पनि माथि उद्धृत गरिसकिएकै छ । आफूलाई मैथिल ब्राह्मण भन्ने कुनू शर्माले विद्यासिन्धु वा विद्यापाम्पतिको कुलमा जन्मेको भनेर के बुझाउन खोजेका हुन् भन्ने कुरा राम्ररी नबुझिए पनि केही अडकल गर्ने आधारचाहिँ हुँदै नभएको होइन । यस प्रसङ्गमा अहिलेभन्दा पाँच सय वर्ष जति अगाडिका स्वनामधन्य मैथिल कवि विद्यापतिलाई छन्दोऽनुरोधले उनले विद्यासिन्धु वा विद्यापाम्पति लेख्न पुगेका त होइनन् भन्ने शङ्का हाम्रो मनमा नउठ्ने होइन । यसो भए तापनि छन्दमा विद्यापति नमिले पनि विद्यानाथ वा पति शब्दका त्यस्तै खालका अरू पर्याय मिल्दा मिल्दैमा विद्यासिन्धु वा विद्यापाम्पति नै हाम्रा कुनू शर्मा किन लेख्न पुगे भन्ने तर्क पनि उठाउन नसकिने होइन । तर पनि विद्यामा समुद्रको पर्याय जोडेर अथाह विद्या भएको वंशको ध्वनि गरी कुनूले जोड्न त आफ्नो वंशको सम्बन्ध विद्यापतिसँगै जोडेका हुन् भन्ने तर्कमा बलचाहिँ उनले विद्यापतिको एउटा पुस्तक *कीर्तिपताका*[१०]कै नाउँमा आफ्नो एउटा पुस्तकको नाउँ राख्न गएकोबाट पनि पुग्न गएको छ ।

स तावाख्याय रामाय मैथिलेयौ तदात्मजौ ।
कविः कारुणिको वव्रे सीतायाः संपरिग्रहम् ।।

(रघुवंश १५।७१)

इत्थं नागस्त्रिभुवनगुरोरौरसं मैथिलेयं
लब्ध्वा बन्धुं तमपि च कुशः पञ्चमं तक्षकस्य ।
एकः शङ्कां पितृवधरिपोरत्यजद् वैनतेया-
च्छान्तव्यालामवनिमपरः पौरकान्तः शशास ।।

(रघुवंश १६।८८)

१०. वि. सं. २०२४ मा मद्रासविश्वविद्यालयद्वारा प्रकाशित, वेङ्कटराम राघवन्द्वारा सम्पादित, न्यू *क्याट्अलगस् क्याट्लगरम्, यान् अल्फाबेट्इकल् रजिस्टर् अफ् स्यान्स्क्रिट् यान्ड् अलाइड् वर्क्स् यान्ड् अथ्अर्ज* (संस्कृत र तत्सम्बन्धी कृति र रचयिताहरूको वर्णक्रमानुसारी महत्तम सूचीपत्र) को चौथो भागको १६९ पृष्ठ । वि. सं. २०३३ मा बाराणसीबाट चौखम्बा ओरियन्टालियाद्वारा प्रकाशित, राधाकृष्ण चौधरीको *मिथिला इन् दि एज् अफ् विद्यापति* (विद्यापतिको जमानाको मिथिला) को १० पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि. सं. १५१० मा तुर्कहरूले कुस्तुन्तुनिया जितेपछि त्यहाँबाट यूनानी विद्वान्हरू इटालीमा भागेर आउँदा जसरी यूरोपमा विद्याको पुनरुत्थान हुन गयो, त्यस्तै त्यस्तै घटना सानो मात्रामा भए पनि वि. सं. १३८१ पछि मिथिलामा मुसलमानी प्रभुता बढ्दै गएकोले त्यहाँका विद्वान्हरू पुस्तक लिई नेपालखाल्डोमा पसेकाले यहाँ घट्न गएको थियो। सयौँ वर्षदेखि अन्धकारमा डुबिरहेको नेपालखाल्डोमा मिथिलाबाट आएको ज्ञानको प्रकाशले केही चैतन्य आएको थियो भन्ने कुरा मैथिल विद्वान्हरू यहाँ पसेपछि संस्कृत र देशज दुवै थरी भाषामा यहाँ ग्रन्थ रचिन थालेकोबाट पनि बुझ्न सकिन्छ। यति मात्र होइन, हामीकहाँ संस्कृतवाङमयका जे जति उच्च ग्रन्थ छन्, तिनमा धेरैजसा मैथिली लिपिमा भएकाले पनि यस धारणामा बल मिल्न गएको छ।[११] मैथिल विद्वान्हरूले नेपालखाल्डोमा यसरी ज्ञानको ज्योति बालेका भए तापनि यिनै मैथिल विद्वान्हरूका सन्तान दरसन्तानले यहाँको हावापानी पचाउँदै गएपछि यिनीहरूको पनि विद्याको तह घट्दै गएको थियो भन्ने कुरा आफूलाई मैथिल ब्राह्मण भनी गर्व गर्ने कुनू शर्माका लेख च्युतसंस्कृतिले दूषित भएकोबाट पनि थाहा पाउन सकिन्छ।

कुनू शर्माका अहिलेसम्म पाइएका तीनवटा पुस्तकमध्ये पहिलो अर्थात् *रुद्रशतक* वि. सं. १७०७ को चैतमा लेखिएको हो, दोस्रो *विष्णुशतक*चाहिँ वि. सं. १७०८ को वैशाखमा लेखिएको हो भन्ने कुरा ती ती पुस्तकका माथि उद्धरण गरिएका वाक्यबाट बुझिन्छ। तेस्रो *कीर्तिपताका*चाहिँ वि. सं. १७०८ को चैतमा लेखिएको हो भन्ने कुरा *कीर्तिपताका*को प्रकाशित पुस्तकबाट बुझिएको छ।[१२] वि. सं. १७०७ को चैतमा लेखिएको *रुद्रशतक*मा कुनू शर्माले राजा सिद्धिनरसिंह मल्लको पालामा यो पुस्तक बनाइएको हो भनी लेखेका छन् भने त्यसको झण्डै १ वर्षपछिको *कीर्तिपताका*मा चाहिँ श्रीनिवास मल्ललाई राजाको रूपमा बयान गरेका छन्।[१३] यस कारण यस बीचमा पाटनमा राजा फेरिएको जस्तो देखिन आएकोले यस विषयमा केही लेख्नुपरेको छ।

पाटन नासलचोकको वि. सं. १६९७ को अभिलेखबाट त्यस बेला सिद्धिनरसिंह मल्लले छोरालाई शासन गर्ने अधिकार दिइसकेको देखिएको[१४] र वि. सं. १७०५ देखिका अभिलेखमा बाबु सिद्धिनरसिंह मल्ल र छोरा श्रीनिवास मल्ल दुवैको नाउँ राजाका रूपमा देखा पर्न थाले तापनि[१५] श्रीनिवास मल्लको वि. सं. १७१८ मा मात्र राज्याभिषेक

---

११. यस विषयमा भिन्नै निबन्धमा खुलाएर लेखिनेछ।

१२. *कीर्तिपताका*का ३७, ६४ पृष्ठ।

१३. उही पुस्तकका २८–३७, ५८–६४ पृष्ठ।

१४. वि. सं. २०२३ मा प्रकाशित, *पूर्णिमा*को ९ अङ्कमा छापिएको धनवज्र वज्राचार्यको *योगनरेन्द्र मल्लको राज्याभिषेक* भन्ने निबन्ध, सो अङ्कको १८ पृष्ठ।

१५. वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इइभल् नेपाल्* (मध्यकालको नेपाल) को दोस्रो भागका २७४–२७५ पृष्ठ।
वि. सं. २०३२ मा काठमाडौँबाट रत्न पुस्तकभण्डारद्वारा प्रकाशित, *कैलास*को ४ वर्षमा छापिएको पिटर बर्लिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भएकोले त्यसै साल मात्र श्रीनिवास मल्ल पूरापूर राजा भएका देखिन्छन् ।[१६] यसो भएकोले वि. सं. १७०८ को वैशाखको लेखमा बाबुलाई र त्यही सालको चैतको लेखमा भने छोरालाई कुनू शर्माले किन राजाको रूपमा देखाए भन्ने प्रश्न उठ्न गएको छ ।

म नआउञ्ज्याल राज्यको सम्भार गरी प्रजाको प्रतिपाल गरिरहनू भनी छोरा श्रीनिवास मल्ललाई अह्राई वि. सं. १७०८ को माघमा तीर्थ गर्न गएका सिद्धिनरसिंह मल्ल वि. सं. १७११ वैशाखमा मात्र फर्केका थिए भनी *वंशावली*मा लेखिएको छ ।[१७] यताबाट १० वर्षभन्दा बढी समयदेखि एक किसिमले शासन चलाउँदै आएका श्रीनिवास मल्ललाई बाबु नहुँदा राजसी ठाँटबाँटसँग राज्य चलाएको देखेका हाम्रा कुनू शर्माले वि. सं. १७०८ को चैतमा राजाको रूपमा उनको बयान गरेका हुन् भन्ने देखिन आएको छ ।

ए क्रोनलजि अफ् द लेटर् किङ्ज् अफ् पाटन् (पाटनका पछिल्ला राजाहरूको काल निर्णय) भन्ने निबन्ध, सो वर्षका ३४–३५ पृष्ठ ।

१६. सिद्धिनरसिंह मल्लले राजाको रूपमा गरेको पत्र ने. सं. ७८१ चैत्रशुक्लपञ्चमीको पाइएकोले (वि. सं. २०२५ मा मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित, *प्राचीन नेपाल*को ४ सङ्ख्यामा छापिएको शङ्करमान राजवंशीको *सिद्धिनरसिंह मल्लका ताडपत्र तमसुकहरू* भन्ने निबन्ध, सो अङ्कका २५–२६ पृष्ठ) र श्रीनिवास मल्लको ने. सं. ७८१ कै मोहर पाइएकोले (वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा प्रकाशनद्वारा प्रकाशित, सत्यमोहन जोशीको *नेपाली राष्ट्रिय मुद्रा*को ९८ पृष्ठ ।) श्रीनिवास मल्ल वि. सं. १७१८ मा मात्र पूरापूर राजा भएका देखिन्छन् ।

१७. वि. सं. २०२३ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित, देवीप्रसाद लम्सालको *भाषावंशावली*को दोस्रो भागका ६४–६५ पृष्ठ ।

राजा नर्सिंहमल्लले देशान्तर जाई देवताहरूको दर्शन गंगास्नान गया । श्राद्ध तीर्थहरू गरी नेपाली संवत् ७७७ चैत्र शुक्ल ७ का दिन कतैरोकतोक नभै फर्की नेपालमा आइपुग्नासाथ भनी *भाषावंशावली*को दोस्रो भागको ६५ पृष्ठमा छापिए तापनि वि. सं. २०२६ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल*को ९ सङ्ख्यामा छापिएको *नेपालको इतिहास राजभोगमाला*मा (२ पृष्ठमा) राजा सिद्धिनृसिंह मल्लले देशान्तर जाइ देवताहरूको दर्शन गंगास्नान गऱ्या । श्राद्ध तिर्थहरू गरि नेपाली सम्वत् ७७४ चैत्र शुक्ल ७ का दिन कतै रोकटोक नभै फर्की नेपालमा आइपुग्या भनी लेखिएकोले, वि. सं. २०२८ मा प्रकाशित *प्राचीन नेपाल*को १७ सङ्ख्यामा छापिएको *नेपाल देशको इतिहाससंग्रह*मा (११ पृष्ठमा) राजा सिद्धिनरसिंह मल्लले निर्विघ्नपूर्वक तीर्थयात्रा सिध्याई नेपाली संवत् ७७४ चैत्र शुक्ल सप्तमीका दिन नेपालमा प्रवेश गरे भनी लेखिएकोले र संशोधन–मण्डलको सङ्ग्रहमा रहेको लेखोट वंशावलीमा (१३५ पृष्ठमा) राजा सिद्धिनृसिंह मल्लले देवताहरूको दर्शन गरि गंगास्नान गऱ्या श्राद्ध तीर्थहरू गरि नेपालि संवत ७७४ चैत्रशुक्ल ७ का दिन कटै रोकटोक् नभै फर्कि नेपालमा आईपुग्यासाथ भनी लेखिएकोले *भाषावंशावली*मा भ्रमवश ने. सं. ७७७ छापिएको ठहऱ्याई ... सिद्धिनरसिंह मल्ल वि. सं. १७११ वैशाखमा मात्र फर्केका थिए भनी माथि लेखिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्री ५ पृथ्वीनारायण शाहको उपदेशको मूल भागको ऐतिहासिक व्याख्या

– नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य, दिनेशराज पन्त

वाङमुख

हाम्रो यहाँ शिक्षाको क्षेत्रमा गजबको स्थिति देखा परिरहेछ। प्रसङ्गवश त्यसको यहाँ चर्चा गर्नुपरेको छ। वैज्ञानिक जमानाको दुहाइ दिने, बुज्रुक कहलिएका हाम्रा बुद्धिजीवीहरूले स्वदेशी विद्यालाई काम नलाग्ने ठानी एक प्रकारले त्यसलाई तिलाञ्जलि दिइसकेका छन्। पाँच सय वर्ष यतादेखि पश्चिममा विद्याको पुनरुत्थान हुन जाँदा संसारभरको विद्या सँगेट्ने जुन प्रवृत्ति त्यहाँ बस्यो, त्यसबाट मनुष्यजातिको चिन्तनपद्धतिमै मोड ल्याइदियो। यसै प्रसङ्गमा पश्चिमाहरूले हाम्रो विद्याको पनि परिशीलन गर्न थाले। तर देश, भाषा र संस्कृतिको लामो अन्तरले गर्दा आफ्ना प्राचीन भाषा यूनानी र ल्याटिनको परिशीलनमा उनीहरू जति सफल भएका छन्, त्यसको ज्यादै थोरै मात्रामा मात्र उनीहरू हाम्रो विद्याको परिशीलनमा सफल हुन सकेका छन्। यसो भए तापनि प्रमाणको आधारमा वस्तुको परीक्षा गर्ने प्रथा उनीहरूले जो बसाए, त्यो अत्यन्त स्तुत्य छ।

यसरी पश्चिमाहरूले हाम्रो विद्यामा चाख देखाएको थाहा पाएकाले यसमा केही सार त अवश्य होला, होइन भने विकसित देशका विद्वान्‌हरूले यस्ता थोत्रा कुरामा चाख किन देखाउँथे भन्ने तर्कना गरी बुज्रुक कहलिएका हाम्रा बुद्धिजीवीहरूले पनि स्वदेशी विद्यातिर यसो दृष्टि दिन थालेको देखिएको छ। पश्चिमाहरूमा यस्तो काम गर्नेहरूमा हाम्रा प्राचीन भाषा र विद्याहरूको प्रगाढ पाण्डित्य नभए पनि तिनीहरूले केही वर्ष संस्कृत र तत्सम्बद्ध विषय पढेर बिताएका हुन्छन् र आलोचनात्मक र तुलनात्मक ढङ्गले कुनै पनि प्रश्नको विश्लेषण गर्ने पद्धतिमा उनीहरूको बानी बसिसकेको हुन्छ। जिन्दगीभर स्वदेशी विद्यालाई तिरस्कार गरी सात समुद्रपारिको भाषामा दखल जमाउन कोशिश गरे पनि अहिलेसम्म पनि कनीकुथी नै लेख्नुपर्ने मानिसहरूले अन्त कतै कुनै दाउ नलागेपछि अधबैंसे उमेरमा धनमान कमाउने साधनको रूपमा स्वदेशी विद्यालाई लिन थालेका छन्। तर स्वदेशी विद्याको कखरा पनि नखारेका त्यस्ता मान्छेहरूबाट सोधी सोधी शोध गर्ने परम्परा बस्न गएको छ र त्यस्ता मान्छे दुनियाँको आँखामा छारो हाली आफ्नो उद्देश्यअनुरूप धनमान कमाउन पनि सफल भएका छन्।

हामीकहाँ स्वदेशी विद्यालाई तिरस्कार गर्ने प्रवृत्ति बस्न गएकोले स्वदेशी विद्या पढेको नाताले पण्डितजीहरू लोकमा प्रतिष्ठा नपाई श्रीहीन हुन गएका छन्। यस्ता पण्डितजीहरूलाई माथि उक्लन प्रतिष्ठित मान्छेको सहारा चाहिन्छ। हाम्रो देशको परिस्थितिले गर्दा विदेशी विद्या पढेका भनी कहलिएका मान्छे नै यहाँ प्रायः प्रतिष्ठित हुने गरेकाले पण्डितजीहरू त्यस्ता प्रतिष्ठित मान्छेहरूको आश्रयमा जान्छन्। स्वदेशी विद्याबाट विमुख, तर लब्धप्रतिष्ठ त्यस्ता मान्छेहरूले यो मौका छोप्छन् र पण्डितजीहरूसँग मीठो बोली तिनीहरूलाई केही आस पनि देखाउँछन्। सोझा पण्डितजीहरू अनि आफूले जाने जति सिरीखुरी विद्वान् भनाउँदा लब्धप्रतिष्ठ त्यस्ता मान्छेका पाउमा चढाउँछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पण्डितजीहरूको बुइ चढी त्यही कुरालाई आपनो पाराले पल्लवित गरी विदेशी भाषामा लेखी स्वदेशी विद्याबाट पराङ्मुख भए पनि दुनियाँको मनमा स्वदेशी विद्या पनि जानेकै रहेछ नि भन्ने भ्रम पारी ठूलो टपरी घिसार्न त्यस्ता मान्छे सफल पनि भएका छन्। यसले गर्दा स्वदेशी विद्या पढ्नै पर्दैन, एक जना पण्डित पाले पुग्छ भन्ने आदर्श चलाख भनाउँदाको अगाडि त्यस्ता मान्छेले राखिदिएका छन् भनेर भन्दा बढ्ता बोलेको अवश्य ठहरिनेछैन ।

विक्रमको एक्काइसौँ शताब्दीमा नेपालमा विद्याको तह कुन थियो, विद्वान् भनाउँदा लब्धप्रतिष्ठ मान्छेहरूको मनःस्थिति कुन तहको थियो भन्ने विषयमा अन्वेषण गर्न खोज्नेहरूलाई यही वर्ष प्रकाश भएको *इम्पेक्‌अब्ल् हिस्टोरिओग्रफि इन् नेपाल्, ए रिबट्‌अल्* (नेपालमा निर्दोष इतिहासरचना- प्रतिवाद) भन्ने पुस्तिका पनि सबूतको रूपमा कालान्तरमा बहुतै काम लाग्नेछ । मल्लकालका लिखत हेरेर त्यस बेला विद्याको तह निकै खस्केको थियो, विद्वान्‌हरूको मनःस्थिति पनि उन्नत थिएन भनेर आज हामी भन्छौँ भने भोलि कमलप्रकाश मल्लको सो पुस्तिका हेरेर पछिल्ला पुस्ताले त्यस्तै निष्कर्ष निकाल्नेछन् भन्ने कुरामा शङ्का छैन। आजभन्दा ४०।५० वर्षपछि अजम्मरीको बूटी नखाएका भए न यहाँ कमलप्रकाश नै रहनेछन्, न महेशराज नै बाँकी रहनेछन् । तर ती दुवै जनाले लेखेर छोडेका कुरा भने अवश्य बाँकी रहनेछन् । त्यसै बेला मात्र कसैले इच्छा गरेको खण्डमा दुवै जनाका कृतिको निष्पक्ष आलोचना हुन सक्नेछ ।

जब आफूले चिताएको पुग्दैन, तब उसले आफूलाई नियन्त्रण गर्न सकेन भने ऊ बहुलाउँछ । जातिगत द्वेष र मौकापरस्तीलाई घोलमेल गरी विद्वच्छिरोमणिको पगरी गुत्ने सुर कसेका कमलप्रकाश मल्लको करतूतको भण्डाफोड महेशराज पन्तले गरिदिएका हुनाले कमलप्रकाश मल्लको क्रोध नियन्त्रित हुन सकेन र कमलप्रकाश मल्लबाट महेशराज पन्तलाई मात्र होइन, संशोधन-मण्डलका प्रवर्तक नयराज पन्त र संशोधन-मण्डललाई समेत जथवातथवा भनेर गालीगलौज गर्ने काम हुन गयो । यसरी संशोधन-मण्डललाई कमलप्रकाश मल्लले विना आधारमा गालीगलौज गरे पनि कमलप्रकाश मल्लको यस्तो गालीगलौजलाई बुझनसुझ विद्वत्तापूर्ण भनी तारीफ गरेर संशोधन-मण्डललाई खुच्चिङ[1] भन्नेको मनःस्थिति पनि नेपालको विद्याको स्थितिको सन्दर्भमा समीक्षा गर्न योग्य छ।

---

१. इम्पेक्‌अब्ल् हिस्‌टोरिओग्रफि

लेखक- डा. कमल प्रकाश मल्ल, प्रकाशक- नेपाल अध्ययनकेन्द्र प्रकाशन मिति- सन १९८४, पाता, मोल- ?

'पूर्णिमा'को ५८ वौं अङ्कमा आपनो लेखद्वारा महेशराज पन्तले प्राध्यापक मल्ल विरुद्ध गरेका लांछना अभियान-लाई जवाफका रूपमा अंग्रेजीमा लेखिएको 'खण्डन खास' को नेपाली संस्करण जस्तो यो विद्वतापूर्ण सानो लेख निम्ति डाक्टर साहेबलाई बधाई दिनु पर्छ ।

'इतिहास संशोधन मण्डल' एउटा संस्थाको नाउ भए तापनि र त्यसका संचालन र कार्यकर्ताहरू नेपाली इतिहासको अनुसन्धान क्षेत्रका समर्पित छात्रहरू रहे तापनि दम्भ र हठको प्रदर्शन हेर्न नचाहने तथा अपशब्द पूर्ण फोहोर गाली सुन्न नरुचाउनेहरू त्यो संस्थाको नाउको उच्चारण गर्न समेत चाहँदैनन् । डाक्टर मल्ल र महेशराज

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खालि आफू मात्र भट्टचाइरहनुभन्दा कमलप्रकाश मल्लको लेखाइको नमूना पनि दिनु रात्रै होला भन्ने ठानी अब त्यसै गरिन्छ—

पन्तका शास्त्रार्थमा मैले यो परिचयद्वारा रूचि लिएकोमा 'इ. सं. म.' बाट मैले अब कुन क्षुद्र स्तरको भर्त्सना सुन्नु पर्ला – मलाई थाहा छैन, अनुमान चाहि गर्छु ।

'इ. सं. म.' ले नेपाली इतिहासका ठूला साना घटनाहरू, नाम–नमेसी र मितिहरू तथा तारतम्यका विवरणहरू बारे निकै परिश्रमपूर्ण शोधकार्य र विवेचनाहरू गर्दै चौथाई शताब्दि भन्दा बढि समयदेखि गर्दै आएकोमा कमै विद्वान विवाद गर्छन् । तर ती विवेचना र घटनाका ती आवश्यक रौं चिरा बिश्लेषण वैज्ञानिक दृष्टिकोणमा आधारित, तुलनात्मक विश्लेषणयुक्त र इतिहास शास्त्रका आधार नियमलाई टेकेर भन्दा अत्यन्तै संकुचित मनोगत आग्रहका आधारमा हुने गरेका देखिएबाट 'इ. सं. म' का शोध कार्यहरूले लक्ष्यलाई प्राप्त गर्नु भन्दा गोलमालको प्रसारमा मद्दत गर्न पुगेका अवस्था छ ।

ज्योतिषमा सूर्यले पृथ्वीको परिक्रमा गर्छ भन्ने सिद्धान्तले हजारौं वर्षसम्म शासन गऱ्यो । त्यो युगका ज्योतिषीय खाँचोलाई त्यो अशुद्ध सिद्धान्तले गणितिक समिचीनता र शुद्धतासाथ पुरा पनि गरेकै हो तर त्यति सबै हुँदा हुँदै पनि 'पृथ्वी–केन्द्र' को त्यो सिद्धान्त अशुद्ध नै रह्यो र नक्षत्र–ज्ञानले वैज्ञानिक गहिऱ्याई लिन थालेपछि त्यो अशुद्ध ज्ञानको परित्याग नै गर्नु पऱ्यो ।

इतिहास शास्त्रबारे 'इ. सं म'– अझै पनि त्यस्तै अशुद्ध ज्ञान प्रेरित अवस्थाबाटै गुज्रिरहेछ । डाक्टर मल्ल र महेशराज पन्तका ती दुई लिखित विवादहरू 'पृथ्वी केन्द्र' कि 'सूर्य केन्द्र' भन्ने विषयमाथि विवाद जस्तै छन । आजको युगमा यस्तो विवाद निरर्थक हो तथापि महेशराज पन्तले शास्त्रीय तर्कभन्दा साम्प्रदायिकता आधारित जस्ता अपशब्द युक्त आरोपहरू लगाएपछि मल्लले जवाफ दिनै पर्ने स्थिति उत्पन्न भएको देखिन्छ ।

तथापि डाक्टर मल्लको जवाफ 'खण्डन खाद्य' मात्र न भई प्राचीन नेपाल विशाल भू–भाग भएको राज्य थियो भन्ने तथा नेपालमा परा पूर्वकालदेखि विक्रम सम्वतकै विशेष चलन चल्ती थियो भन्ने अवधारणालाई सच्याउनु पर्नेतर्फ प्रारम्भिक शास्त्रीय विवेचनाको रूपमा प्रस्तुत गर्नु भएको छ । आधारभूत महत्वको यो काम गर्दा डाक्टर मल्लले इतिहास–शोध गर्दा अनुसरण गर्नु पर्ने पद्धति विज्ञान सम्बन्धी सारभूत महत्वको कुरामा महेशराज पन्तको ध्यान न जाने गरेकोलाई प्रखर रूपमा प्रस्तुत गर्नु भएको छ ।

त्यसरी डा. मल्लले आधारभूत प्रश्न उठाउनु भए तापनि रचनाको सीमित उद्देश्यले गर्दा होला इतिहासको पद्धति विज्ञानका सम्बन्धमा डा. धर्मदेव कोशाम्बिबारे ए. एल. बाशामका उक्तिलाई उध्दृत गरेर आफूलाई त्यहि 'कुल'–को भनी परोक्ष सङ्केत गर्नु बाहेक थप केही भन्नु भएन । यो पक्षबारे डा. मल्लबाट पूर्ण प्रस्थापना र विवेचना अपेक्षित छ, त्यसो गर्ने क्षमता पनि वहाँमा रहेको अनुमान गरिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेश् राज् पन्त् टक्स् याट् सम् लेङ्थ् अबाउट् हिज् फादर'ज् यान्ड् हिज् ट्रेनइङ यान्ड् इन्टिलेक्टचुअल् हेरइटिज् । द पम्पसइटि अफ् बोथ् आर् अन्मिस्टेकएब्ल् इन् मच् दे ह्याभ् पब्लिश्ड्, पर्टिक्युलर्लि इन् नय राज् पन्त्'स् प्रिफेसइज् टु द बुक्स् ह्विच् ही अर् हिज् डिसाइप्ल्ज् ह्याभ् पब्लिश्ड् (सी नय राज् पन्त् इन् वज्राचार्य यान्ड् नेपाल्, १९५७, यान्ड् इन् वज्राचार्य एट् अल्., १९६२) । इन् मोस्ट् अफ् हिज् अकेज्नल् पीसइज् इन् प्रोज् यान्ड् भर्स्, बिफोर् ही टक्स् अबाउट् द बुक् अर् द सब्जिक्ट्–म्याटअर्, ही टक्स् याट् सम् लेङ्थ् अबाउट् हिम्सेल्फ् यान्ड् हिज् इन्टिलेक्टचुअल् हेरइटिज् अर् ट्रेनइङ । याट् एनइ रेट्, ह्वट् इज् नय राज् पन्त्'स् इन्टिलेक्टचुअल् ट्रेनइङ याज् ए *हिस्टोरइअन्* ? द स्टडइ अफ् सिद्धान्तज्योउतिष (थिअरेटइक्ल् अस्ट्रनअमि) याट् बनारस् स्यान्स्क्रिट् पाथशाला अफ् द १९३०ज्, अर् द स्टडइ अफ् पाणिनि, कौटल्य, यान्ड् कालिदास याट् होम् ? याज् "ए भरसटाइल् स्कअर् अफ् ज्यौतिष, नय राज् पन्त् मे बी "विदआउट् कम्पीर् इन् हिज् फील्ड्" (एम् आर् पन्त् १९७९ : ५३), बट् याज् ए हिस्टोरइअन् हिज् फनडमेन्टल् टेक्स्ट्स् आर् सो फनडमेन्टल् द्याट् इफ् यू स्ट्रिप् हिम् अफ् दीज् क्यान्अनइकल् टेक्स्ट्स् यू विल् ह्याभ् स्ट्रिप्ड् हिम् अल्मोस्ट् इन्टिलेक्टचुअल्लि नेकिड् । दिस् मे बी वन् अफ् द रीजन्ज् ह्वाइ "मोस्ट् अफ् अस् डू नट् पजेस् द नेसइसरइ इन्टिलेक्टचुअल् क्वलइफिकेशन्ज् टु अनडर्स्टयान्ड् हिम्" (एम्. आर्. पन्त्, १९७९ : १४९) । ओन्लि डग्म्याटइक् च्रचइज् ह्याभ् फनडमेन्टल् टेक्स्टस्; द हिस्टोरइअन् ह्याज्, अलास्, नो "फनडमेन्टल्

विवादमा आवेशलाई नियन्त्रणमा राख्नु सजिलो हुने गर्दैन, आवेश बेगरको विवादमा गह्रियाई पनि नआउँदैन कि ? तर आवेशलाई पनि समय र समाज सापेक्ष राख्न सक्नु पर्छ भन्ने मलाई लाग्छ । महेशराजका शब्द अस्वीकार्य स्तरका हुन । परन्तु डाक्टर मल्लका जवाफमा रहेका शास्त्रीय व्यङ्ग र तीखा वाक्यहरू अपशब्दका कोटिका न हुँदा पनि वर्तमान नेपाली चिन्तन छरातल निम्ति किञ्चित अजीर्णकारी जस्ता रहेका मलाई लाग्यो। यही लेख युरोपेली स्तरमा उच्च बौद्धिक रूचिको 'पोलेमिक्स' मानिने छ तर आजको नेपाल युरोप होइन ।

डा. मल्लले आफ्ना विरूद्ध लगाइएको 'नेवारवाद' को व्यर्थ आरोपलाई तर्कपूर्ण प्रतिवाद गर्नु भएको छ । यस्तै स्तरीय प्रतिवादहरूले 'साम्प्रदायिकता' भन्ने आरोपका मुहानहरूलाई सुकाउन चित्त बुझ्दो तबरमा मद्दत गरी समाजको स्वास्थ्यरक्षा गर्ने छन ।

—"सुधांशु"

'(काठमाडौंबाट मदनमणि दीक्षितद्वारा सम्पादित र प्रकाशित *समीक्षा*को वि. सं. २०४१ भदौ १५ गते छापिएको, २५ वर्ष ११ अङ्कका ३, ४ पृष्ठबाट ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

टेक्स्ट्स्" । वन् डज्न्'ट् नीड् टु स्क्यान् द डक्युमेन्टेशन् अफ् द पब्लिकेशन्ज् अफ् द पन्त्स् – द सीन्यर् यान्ड् जूनिअर् – टु फाइन्ड् आउट् द्याट् दे आर् ब्लिसफुल्लि अन्वेर् अफ् रिसर्च इज् अन् साउथ् एशन् हिस्टरि, कल्चर्, आर्कीअलअजि डन् बाइ इन्डिअन् यान्ड् वेस्टर्न् स्कलअर्ज् ड्यूरङ द लास्ट् ३० यर्ज् – रिसर्च इज् ह्विच् आर् अल्मोस्ट्लि इन्टाइर्लि इन्टर्–अर् मल्टिडिसिप्लिनरि ।

सिन्स् इग्जाम्प्ल् इज् बेटअर् द्यान् प्रीसेप्ट्, लेट् मी साइट् ओन्लि वन् इग्जाम्प्ल् अफ् द पेडअन्ट्रि अफ् नय राज् पन्त् यान्ड् हिज् स्कूल् । इन् पृथ्वीनारायण शाह'ज् *उपदेश*–टेक्स्ट् देर् इज् ए टेल्इङ लाइन् इन् पिथइ यान्ड् अनअडल्टरएटइड् नेपाली – अल्मोस्ट् ए प्रभ्अर्ब – *बुधा मरै भासा सरै* (ह्वेन् यान् ओल्ड् म्यान् डाइज्, हिज् वर्ड्ज् पास् अन् टु द नेक्स्ट् जेन्अरएशन्) । याज् ए स्कलअर्लि एक्सइजीसिस् अफ् दिस् वेल्–नोन् नेपाली एक्सप्रेशन्, नय राज् पन्त्, इन् हिज् "हिस्टरइकल् सबस्टन्स् अफ् द *उपदेश*", गिभ्ज् ए ३१–लाइन् क्वोटेशन् फ्रम् *शतपथ ब्राह्मण* अन् द *वंश*–ट्रडिशअन् अफ् अरअल् लर्नइङ इन् इनडिअन् यानटिक्विटि (नय राज् पन्त् *एट् अल*., १९६८ : १२२३–१२२६) । ह्वट् रिअल्लि इज् द रेलइभन्स् अफ् दिस् क्वोटेशन् फ्रम् ए *ब्राह्मण*–टेक्स्ट् टु एनइ डिस्कशन् अफ् पृथ्वीनारायण शाह'ज् *उपदेश*–टेक्स्ट् ? पृथ्वीनारायण वज् ए म्यान् अफ् आर्म्ज् यान्ड् याक्शन् । ही मे नट् ह्याभ् ईभ्न् हर्ड् अफ् द *ब्राह्मण*, लेट् अलोन् स्टडइङ इट् अर् बीइङ इन्फ्लुअन्स्ड् बाइ इट् । देर् इज् नो एभ्इडन्स् द्याट् ही ह्याड् । ह्याड् नय राज् पन्त् अन्डर्स्टुड् पृथ्वीनारायण शाह ही वन्'ट् ह्याभ् ट्राइड् टु पोर्ट्रे द वरइअर्–स्टेट्स्म्यान् याज् यान् अर्जुन, नर् वुड् ही ह्याभ् ट्राइड् टु कन्भर्ट् दि अर्थ्इ विज्डम् अफ् दि *उपदेश*–टेक्स्ट् इन्टु द लाइफ्लेस् *गीता* इन् नय राज् पन्त्'स् वुड्न् भर्स् ।[2]

संशोधन–मण्डललाई मनपरी गाली गरी कमलप्रकाश मल्लले छपाएको त्यस पुस्तिकाको नेपाली उल्था निस्कन लाग्यो भनी कमलप्रकाश मल्लका भाइको पत्रिकामा ढ्वाङ फुकेको चार महीना बित्न लाग्दा पनि[3] नेपाली उल्थाको

---

२. वि. सं. २०४१ मा काठमाडौँबाट नेपाल स्टडी सेन्टरद्वारा प्रकाशित कमलप्रकाश मल्लको इम्पेक्अब्ल् *हिस्टोरिओग्रफि इन् नेपाल्, ए रिबट्अल्* (नेपालमा निर्दोष इतिहासरचना– प्रतिवाद) का १७–१८ पृष्ठ ।

३. –तुयू ज्यापु, ये‌ँ ।

न्ह्यसः– भाजु महेशराज पन्तया इनेप्ट् स्पेसइमिन्या लिसः कथं डा० कमल प्रकाश मल्लजुया हिस्ट्रिओगाफइ इन् नेपाल् सफूचियाः नेवाः भाषं अनुवाद यानाः छिगु पत्रिकाय् पिकया दीसा तसकं बालाइ तायाः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नाकमुख देख्न नपाइएकोले *पूर्णिमा*का सबै पाठक अङ्ग्रेजी बुझ्ने नै हुन्छन् भन्ने नियम नहुँदा माथिको अंशको नेपालीमा उल्था पनि गर्नुपरेको छ—

आफ्ना बाबुले र आफूले पाएको तालीमको र आफ्ना बाबुको र आफ्नो ज्ञानसम्बन्धी दायको विषयमा महेशराज पन्त लम्ब्याएर बोल्छन्, दुवैको दम्भ तिनीहरूले जे जति प्रकाश गरेका छन्, तिनमा, खास गरी नयराज पन्तले वा उनका चेलाहरूले प्रकाश गरेका पुस्तकहरूमा छापिएका नयराज पन्तका प्रस्तावनामा टड्कारै देखिन्छन् (वि. सं. २०१४ मा काठमाडौँबाट नेपाल–सांस्कृतिक परिषद्द्वारा प्रकाशित, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा सम्पादित *ऐतिहासिक पत्रसंग्रह*को पहिलो भागमा र वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा प्रकाशनद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र अरूहरूद्वारा सम्पादित *इतिहास–संशोधनको प्रमाण–प्रमेय*मा नयराज पन्तका प्रस्तावना हेर्नुहोस्) । कुनै पुस्तक वा कुनै विषयवस्तुको विषयमा बोल्नुभन्दा अगाडि आफ्ना धेरैजसो फाटफुटे गद्य र पद्यलेखमा नयराज पन्त आफ्नै विषयमा र आफ्नो ज्ञानसम्बन्धी दाय वा तालीमको विषयमा लम्ब्याएर बोल्छन् । जे भए पनि ऐतिहासिकको हैसियतले नयराज पन्तले पाएको तालीम के हो ? विक्रमको बीसौँ शताब्दीको पछिल्लो दशाब्दीमा बनारस संस्कृतपाठशालामा सिद्धान्तज्यौतिष (ज्यौतिषको सिद्धान्त) पढेको वा घरैमा पाणिनि, कौटल्य र कालिदासका ग्रन्थ पढेको नै इतिहास-सम्बन्धी तालीम हो कि ? "ज्यौतिषका बहुमुखी विद्वान्"को हैसियतले नयराज पन्त "आफ्नो क्षेत्रमा बेजोड" (वि. सं. २०३५ मा काठमाडौँबाट प्रकाशित महेशराज पन्तको *अन् स्यान्स्क्रिट् एड्युकेशन्* (संस्कृतशिक्षाको विषयमा) को ५३ पृष्ठ) होलान्, तर ऐतिहासिकको हैसियतले उनका मौल ग्रन्थ यति मौल छन् कि यी शास्त्रीय ग्रन्थ उनीबाट हटाइदिएको खण्डमा ज्ञानको हिसाबले उनी नङ्गिए जस्ता हुन्छन् । किन "हामीमध्ये धेरैजसासँग उनलाई बुझ्नको लागि चाहिने ज्ञानसम्बन्धी आवश्यक योग्यता छैन" (महेशराज पन्तको उही पुस्तकको १४९ पृष्ठ) भन्ने कुराका कारणमध्ये यो पनि एउटा होला । कट्टर धार्मिक सङ्घटनहरूका मात्र मौल ग्रन्थ हुन्छन्; के गर्नु, ऐतिहासिकका "मौल ग्रन्थ" हुँदैनन् । यी ३० वर्षभित्र भारतीय र पश्चिमा विद्वान्हरूले दक्षिण

लिसः– थ्व सफूचिया नेपाली व नेपालभाषं रूपान्तरित जुयाः पिहाँ वय् त्यंगु दु ।

(काठमाडौँबाट कृष्णसुन्दर मल्लद्वारा सम्पादित र प्रकाशित *इनाप* (प्रार्थना) को वि. सं. २०४१ मङ्सीर ६ गते छापिएको, २ वर्ष ४४ अङ्कको ७ पृष्ठबाट ।)

[गोरे ज्यापू, काठमाडौँ

प्रश्न– श्रीमहेशराज पन्तको इनेप्ट् स्पेसिमिन् (अनुपयुक्त नमूना) को जवाफको सिलसिलामा डा. कमलप्रकाश मल्लज्यूको *हिस्ट्रिओगाफ्इ इन् नेपाल्* (नेपालमा इतिहासरचना) भन्ने पुस्तिकाको नेवारी भाषामा उल्था गरेर तपाईँको पत्रिकामा निकाल्नुभएको खण्डमा ज्यादै राम्रो होला जस्तो लाग्छ ।

उत्तर– यस पुस्तिकाको उल्था नेपाली र नेवारीमा भएर आउनै लागेको छ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

एशियाको इतिहास, संस्कृति र पुरातत्त्वको विषयमा गरेका अन्वेषण – झण्डै पूरापूर मात्रामा दुइ वा धेरै शास्त्रको मदत लिई गरिएका अन्वेषण – को विषयमा बाबु छोरा दुवै पन्तलाई पत्तो छैन र उनीहरू यसैमा मस्त छन् भन्ने कुरा पत्ता लाउन तिनीहरूका कृतिको प्रमाणभाग गढेर हेर्नै पर्दैन ।

आदेशभन्दा दृष्टान्त राम्रो भएकोले नयराज पन्तको र उनका चेलाहरूको पण्डित्याइँको खालि एउटा नमूना मात्र दृष्टान्तको रूपमा मलाई भन्न दिनुहोस् । पृथ्वीनारायण शाहको मूल *उपदेश*मा सार भएको र ठेट नेपालीमा बुढा मरै भाषा सरै (जब बूढो मान्छे मर्छ, उसका शब्द अर्को पुस्तामा सर्छन्) भन्ने, आहान जस्तो बनिसकेको, प्रभावोत्पादक पङ्क्ति छ । आफूले लेखेको "*उपदेश*को ऐतिहासिक सार"मा ज्यादै चलतीको यो नेपाली भनाइको पाण्डित्यमय व्याख्याको रूपमा *शतपथब्राह्मण*बाट प्राचीन भारतमा मौखिक शिक्षाको वंशपरम्परासम्बन्धमा नयराज पन्तले ३१ पङ्क्तिको उद्धरण दिएका छन् (वि. सं. २०२५ मा ललितपुरबाट जगदम्बा प्रकाशनद्वारा प्रकाशित, नयराज पन्त र अरूहरूद्वारा सम्पादित *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*का १२२३–१२२६ पृष्ठ) । *पृथ्वीनारायण शाह*को मूल *उपदेश*को कुनै पनि विवेचनसँग *ब्राह्मण*ग्रन्थको यस उद्धरणको प्रासङ्गिकता वास्तवमा के छ ? पृथ्वीनारायण शाह लडाका र कर्मयोगी थिए । उनले *शतपथब्राह्मण*को नाँवै पनि सुनेका थिएनन् होला, यो पढेको वा यसको प्रभाव परेको कुरा त छोडी नै दिऊँ । उनले *शतपथब्राह्मण* पढेका थिए वा त्यसको प्रभाव उनमा परेको थियो भन्ने कुराको प्रमाण पनि त छैन । नयराज पन्तले पृथ्वीनारायण शाहलाई बुझेका भए ती योद्धा र राजनीतिज्ञको अर्जुनको जस्तो बयान गर्न उनी खोज्दैनथे, न उनी मूल *उपदेश*को सांसारिक अकलमन्दीलाई आफ्नो ठर्रो श्लोकको रूखो गीतामा बदल्न खोज्थे ।

सिद्धान्तज्यौतिषलाई ज्यौतिषको सिद्धान्त भन्ने व्याख्या गरी आफ्नो योग्यता देखाएका कमलप्रकाश मल्लको यो लेखाइ देखेपछि यो लेखाइ वस्तुस्थितिभन्दा धेरै धेरै पर रहेछ र कमलप्रकाश मल्लको अभीष्ट संशोधन–मण्डललाई जसरी भए पनि गिराउनु नै रहेछ भन्ने कुरा नेपालमा विद्यासम्बन्धी कामकार्वाईको अलिकति पनि लेखाजोखा राख्न खोज्ने मान्छेको मनमा नपरी छाड्दैन । यस कारण यसको जवाफमा लामो कुरा गर्नु आवश्यक नभएकोले नभनी नहुने कुरा मात्र भनिहाल्नुपरेको छ ।

विद्या नभएको घरमा जन्म लिन पुगेका[४] र आधुनिक शिक्षा पाई एम्. ए. पास भएर कलेजमा पढाउन थालिसक्दा

४.. ४. अबु योगेन्द्रप्रकाश मल्ल (ने. सं. १०११–११००)

छपासः श्रद्धाञ्जली

न्हापांगु द्या (ने. सं. १०११–१०५५)

जिमि बाज्या पूर्णमल्लया निम्हम्ह कलाः कृष्णकुमारी स्यस्यःनो पाखें दुम्ह जिमि अबु योगेन्द्रप्रकाश मल्ल निम्हम्ह काय् खः । बाया जन्म ने. सं. १०११ थिला थ्व १२ तद्नुसार विक्रम सम्वत् १९४७ पौष १०, सन् १८९०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पनि सामान्य अखबारी ज्ञान भएकालाई पनि थाहा हुने, कङ्गो कहाँ छ भन्ने मात्र होइन कि कङ्गो भनेको के हो भन्ने कुरासमेत थाहा नभएकोले बेलायतमा पढ्न जान परीक्षकले आफूलाई नालायक ठहऱ्याएकोमा परीक्षकलाई

डिसम्बर २५ खुन्हु यहिति थकू–चुकय् जूगु खः। जिमि बा बूबले तक बाज्यापिनि परिवारया आर्थिक व सामाजिक स्थिति उलि स्यंगु मदुनि। औपचारिक शिक्षा कायगुली बाया मचांनिसें अभिरूचि दुगु जुयाच्वन। यःगु हे पहलं अंग्रेजी शिक्षा कायगु बिचाः यानाः छम्ह शिक्षकया छेँय् ब्वं व्हाल। न्यागूति कक्षा थ्यने धुंकाः बाज्यायात नेपालगञ्ज मालय् सरूवा यात। अनंलि बाया औपचारिक शिक्षाया क्रम चब्बुत। नेपालगञ्जं लिहाँ वयाः छुं ई लिपा बाज्याया जागीर मन्त।

छेँया आर्थिक बोझ याउँकेत बा क्यातुगु उमेरय् हे कुमारी चोकय् लच्छिया रू ३।– ८ आना खान्गि दुम्ह तहलुवा जुयाः भर्ना जुल। थ्व हे जागीर ननं वय्कलं विक्रम सम्वत् १९६७ स स्थापना जूगु "पास जाँच अड्डा" प्रथम श्रेणीइ "४ पास" याना कुमारी चोक हेतुं लच्छिया ५।– नैम्ह नौसिन्दाया रूपय् विक्रम् सम्वत् १९७० साल फाल्गुण १२ बृहस्पतिवार खुन्हु निजामती सेवाय् दुहाँ व्हाल।

(वि. सं. २०३७ मा काठमाडौँबाट थःनेया थक्कूजु खलःद्वारा प्रकाशित, कमलप्रकाश मल्लको *पूर्वज लुमंका* (पूर्वज सम्झेर) को ३५ पृष्ठबाट)

[बा योगेन्द्रप्रकाश मल्ल (वि. सं. १९४७–२०३७)

एक अँजुली श्रद्धाञ्जलि

पूर्व भाग (वि. सं. १९४७–१९९२)

लोकयात्राविद् राजानमात्मद्रव्यप्रकृतिसम्पन्नं प्रियहितद्वारेणाऽश्रयेत ।।१।। यं वा मन्येत यथाऽहमाश्रयेप्सुरेवमसौ विनयेप्सुराभिगामिकगुणयुक्त इति ।।२।। द्रव्य-प्रकृतिहीनमप्येनमाश्रयेत ।।३।। न त्वेवाऽनात्मसम्पन्नम् ।।४।। अनात्मवान् हि नीतिशास्त्रद्वेषादानर्थ्यसंयोगाद् वा प्राप्याऽपि महदैश्वर्यं न भवति ।।५।। आत्मवति लब्धावकाशः शास्त्रानुयोगं दद्यात् ।।६।। अविसंवादाद्धि स्थानस्थैर्यमवाप्नोति ।।७।। मतिकर्मसु पृष्टः तदात्वे चाऽयत्यां च धर्मार्थसंयुक्तं समर्थं प्रवीणवदपरिषद्-भीरुः कथयेत् ।।८।। ईप्सितः पणेत ।।९।। धर्मार्थानुयोगमविशिष्टेषु बलवत्संयुक्तेषु दण्डधारणं मत्संयोगे तदात्वे च दण्डधारणमिति न कुर्याः ।।१०।। पक्षं वृत्तिं गुह्यं च मे नोपहन्याः ।।११।। संज्ञया च त्वां कामक्रोधदण्डनेषु वारयेयमिति ।।१२।।

(कौटलीय *अर्थशास्त्र* ५ अधिकरण ४ अध्याय)

[दुनियाँको व्यवहार बुझेको तथा आश्रय खोज्ने मानिसले आत्मवत्ता (आफ्नो भलोलाई बुझन सक्नु आदि शासकमा हुनुपर्ने गुण) तथा द्रव्यप्रकृति[२] अनुकूल भएका राजाकहाँ उनका (राजाका) मन परेका तथा हित गर्ने मनुष्यद्वारा

---

२. स्वामी (राजा = प्रधान शासक) अमात्य (मन्त्री) जनपद (देश) दुर्ग (शत्रुले आक्रमण गर्दा आफूले आश्रय लिने ठाउँ) कोष (ढुकुटी) दण्ड (सैन्य) यी ६ कुरा राज्यका अङ्ग हुन् । आफूले काम गर्न आँटेको दिशातिरका ५ राजा, त्यसको विपरीत दिशाका ४ राजा, सबभन्दा बलिया एक राजा, तीभन्दा कमजोर आफूहरूभन्दा बलिया नजीकैका एक राजासमेत जम्मा ११ राजाको आफ्नो काममा प्रभाव पर्ने सम्भव भएकोले ती ११ राजा र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

घुस्नू । अथवा 'जस्तो मलाई आश्रय चाहिएको छ, त्यस्तै यिनीलाई (राजालाई) विनय (राजकर्तव्यको शिक्षा) चाहिएको छ तथा यिनी आश्रय गर्न लायक गुणले युक्त भएका छन्' भन्ने सम्झेमा उनकहाँ घुस्नू । सो घुस्तामा द्रव्यप्रकृतिको अनुकूलता नभएकाकहाँ पनि घुस्नु हुन्छ । आत्मवत्ता नभएकाकहाँ भने घुस्नु हुँदैन । किनभने आत्मवत्ता नभएको पुरुषले ठूलो ऐश्वर्य पाएमा पनि नीतिशास्त्रको विरोध गर्नाले अथवा खराब कुराको सङ्गत गर्नाले आफ्नो ऐश्वर्य टिकाउन सक्दैन । घुसेपछि प्रसङ्ग परेको वेलामा आत्मवत्ता भएकालाई शास्त्रअनुसारको कुरा बताउनू । आफूले भनेको कुरा मिल्यो भने आफ्नो पद दीगो हुन्छ । राजाले सल्लाह मागेमा तत्कालमा र पछि पनि काम लाग्ने तथा धर्म र अर्थसँग विरोध नखाने कुरालाई सभामा धक नमानीकन राम्रोसँग भन्नू । आफ्नो कुरा उनले खाई आफूलाई राख्न खोजेमा कबूल गराउनू । साधारण मनुष्यसँग हजुरले धर्म र अर्थका विषयमा सल्लाह लिनु हुँदैन । बलिया मनुष्य साथमा भएकालाई आक्रमण गर्नु हुँदैन । त्यस बेला बलिया भएकालाई पनि आक्रमण गर्नु हुँदैन । मेरो पक्ष, मेरो वृत्ति तथा मेरो गुह्य कुरालाई पनि हजुरले बिगारिदिनु हुँदैन । हजुर मोजमजामा फस्ता, जाग्दा अथवा हजुरले कसैलाई अनुचित सजाय दिँदा म हजुरलाई इशारा दिई रोक्नेछु ।]

यहाँ कौटल्यले आत्मवत्ता (विवेक) भएका शासकले नै आफ्नो ऐश्वर्य अडाउन सक्छन् , उनकहाँ नै असल सेवक आशा राखी आउँछन् भन्ने भाव अलि घुमाएर बोलेका छन् ।

वृत्तस्थं वृत्तसंपन्नाः कल्पवृक्षोपमं नृपम् ।
अभिगम्य गुणैर्युक्तं सेवेरन्ननुजीविनः ।।१।।

(*कामन्दकीयनीतिसार* ५ सर्ग)

[असल चालचलन भएका आशामुखीहरूले असल चालचलन भएका, आश्रय गर्न लायक गुण भएका, दिन सक्ने राजाको चाकरी गर्नू ।]

पृथ्वीनारायण शाह विजिगीषु थिए । यस कारण उनलाई लडाइँ खेल्न जान्ने, हतियार बनाउन जान्ने, सेनामा

आफूसमेत गरी जम्मा १२ राजालाई "द्वादशराजप्रकृति" भनी कौटल्यहरूले नाउँ राखेका छन् । यी १२ राजाका प्रत्येकका माथि बताइएका ६ अङ्गले गर्दा जम्मा ७२ पदार्थलाई विचार गरेर मात्र षाड्गुण्य (राजनीतिको दाउपेच) खेल्दा सफल हुन्छ भन्ने विचारले यी ७२ कुरालाई जम्माजम्मी "द्रव्यप्रकृति" भनी नाम राखी त्यस विषयको बलाबलको चर्चा 'मण्डलयोनि' प्रकरणहरूमा कौटल्यहरूले गरेका छन् ।

(*कौटलीय अर्थशास्त्र*को यो उल्था र टिप्पणी वि. सं. २०१६ मा काठमाडौंबाट भोलानाथ पौडेल र धनवज्र वज्राचार्यद्वारा प्रकाशित उनीहरूको *व्याकरण–संशोधन* ५ सङ्ख्यामा प्रकाशित नयराज पन्तको *संशोधनको आवश्यकता* भन्ने निबन्ध (८–९ पृष्ठ) बाट झिकिएको हो ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विनय (तालीम) दिन जान्ने मानिसको आवश्यकता थियो। यस कारण उनले बन्दूकको काम जानेका मानिस विदेशबाट ल्याई आफ्नो आश्रयमा राखेका थिए।[३]

पृथ्वीनारायण शाहपछिका नेपालका शासकहरूले विदेशी विशेषज्ञहरूलाई आफ्नो सेनामा राखेका केही उदाहरण तल दिइन्छन्।

बहादुर शाहले सेनामा तालीमको लागि यूरोपियन विशेषज्ञ राखेका थिए—

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का——

आगे मुसेदिल पेसी (?) साहेबके नज्ञा कार्षाना तोप् बम् पल्टंका इलम सिषलावनेकौं सर्दारी मान कर बक्सा हैं. तुम्हारे षायल दर्माहा मार्गसीरसुदि ३ महिनावारि रुपैया ५०१ पान् सय येक् कर बक्सा हैं. वारा जिल्लाका आम्दानीमध्ये सुवामार्फत् सालवसाल् लेके भोग्य करो औ हनुमत्ध्वज कंपनी तैनाथ कर बक्सा हैं. नज्ञा कार्षाना मेग्जीनका काम नज्ञा नज्ञा इलम् तोप् बम् पल्टंका कवाड़त् सिषलाउना मेष्जीन गैरह कार्षानाका आदमी तुम्हारे तैनाथका कंपनीका आदमि ए सब्का चुकली बिंति तागिरी बाहाली तंम्बीह् इलम् तुम्हारे मार्फत् कर बक्सौंगे. लडाज्ञी-भिडाज्ञी सब काम्मो हाजोर रहा करो.

इति सम्वत् १८५० मार्गसुदि ३ रोज ६ शुभम्—

(वि. सं. २०२० मा काठमाडौंबाट मेरी राजभण्डारीद्वारा प्रकाशित चित्तरञ्जन नेपालीको *श्री ५ रणबहादुर शाह*का ११६–११७ पृष्ठ)

जङ्गबहादुरको पालामा सिखहरू नेपाली सेनामा थिए—

गोरखा सर्कार का सैनिक सिख–सिपाहीहरू जति जना तिब्बतमा कैदी तुल्याई

---

३. वि. सं. २०२५ मा ललितपुरबाट जगदम्बा प्रकाशनद्वारा प्रकाशित नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य, दिनेशराज पन्तको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*का ३३०, ७१५–७१८ पृष्ठ।

वि. सं. २०२६ मा काठमाडौंबाट श्री ५ महाराजाधिराजका प्रमुख संवादसचिवालय राजदरबारद्वारा प्रकाशित, बाबुराम आचार्यको *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी*का ७२१–७२२ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राखेका छन् अनो युद्धमा समातिएका गोरखा–आफिसर, सिपाई, आईमाई हरू र तोप समेत् सबै थोक गोरखा सर्कारलाई फर्काई दिइन्छ ।

(वि. सं. १९१२ मा भएको नेपाल र भोटको सन्धिपत्रको चारौं प्रक्रम । वि. सं. १९८६ मा काशीबाट देवीप्रसाद उपाध्यायद्वारा प्रकाशित, अम्बिकाप्रसाद उपाध्यायको *नेपाल*को *इतिहास र रामनगर*को *इतिहास* दोस्रो संस्करणका १८१–१८२ पृष्ठ)

यसैवासभा आई पुग्याकादिन रैफल् पल्टन् १० पट्टी हवल्दार निहाल्सिंसिष् जराका वेथाले हाल् वेरामी भयाका हुनाले हात्तीचढाई ल्यायाको थियो. हात्ती-थामी हात्तीबाट वर्ह्लौ वर्ल्याकै ठाउँमा सिष् मऱ्यो.

(वि. सं. २०२३ मा ललितपुरबाट जगदम्बा प्रकाशनद्वारा प्रकाशित, कमल दीक्षितद्वारा सम्पादित *बत्तीस सालको रोजनाम्चा (जंगवहादुर)* को ३५ पृष्ठ)

लालमोहर राजाबाटै हुनुपर्छ

राजाको हुकूम जफत गरि राषनु.

राजतन्त्रमा राज्यको सर्वाधिकार राजामा रहेको हुन्छ । राजाले सो अधिकार आफैंले राम्ररी प्रयोग गरे राज्यमा भ्रष्टाचार हुन पाउँदैन । सो अधिकार राजाले आफूले राम्ररी प्रयोग नगरी मन्त्रीहरूलाई सुम्पे राज्यमा मन्त्रीहरूको चकचकी हुन्छ र तिनीहरूले भ्रष्टाचार गर्ने सम्भव हुन्छ । यस विषयमा *महाभारत*को कालकवृक्षीय ऋषिको कथा चाखलाग्दो छ । सो यस प्रकारको छ—

भीष्म उवाच ॥...
अत्राऽप्युदाहरन्तीममितिहासं पुरातनम् ।
मुनिः कालकवृक्षीयः कौसल्यं यदुवाच ह ॥५॥
कोसलानामाधिपत्यं संप्राप्तं क्षेमदर्शिनम् ।
मुनिः कालकवृक्षीय आजगामेति नः श्रुतम् ॥६॥
सः काकं पञ्जरे बद्ध्वा विषयं क्षेमदर्शिनः ।
सर्वं पर्यचरद् युक्तः प्रवृत्त्यर्थी पुनः पुनः ॥७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अधोध्वं वायसीं विद्यां शंसन्ति मम वायसाः ।
अनागतमतीतं च यच्च संप्रति वर्तते ।।८।।

इति राष्ट्रं परिपतन् बहुभिः पुरुषैः सह ।
सर्वेषां राजयुक्तानां दुष्करं परिदृष्टवान् ।।९।।

स बुद्ध्वा तस्य राष्ट्रस्य व्यवसायं हि सर्वशः ।
राजयुक्तापहारांश्च सर्वान् बुद्ध्वा ततस्ततः ।।१०।।

ततः स काकमादाय राजानं द्रष्टुमागमत् ।
सर्वज्ञोऽस्मीति वचनं ब्रुवाणः संशितव्रतः ।।११।।

स स्म कौसल्यमागम्य राजामात्यमलङ्कृतम् ।
प्राह काकस्य वचनादमुत्रेदं त्वया कृतम् ।।१२।।

असौ चाऽसौ च जानीते राजकोशस्त्वया हृतः ।
एवमाख्याति काकोऽयं तच्छीघ्रमनुगम्यताम् ।।१३।।

तथाऽन्यानपि स प्राह राजकोशहरांस्तदा ।
न चास्य वचनं किञ्चिदनृतं श्रूयते क्वचित् ।।१४।।

तेन विप्रकृताः सर्वे राजयुक्ताः कुरूद्वह ।
तमस्यभिप्रसुप्तस्य निशि काकमवेधयन् ।।१५।।

वायसं तु विनिर्भिन्नं दृष्टा बाणेन पञ्जरे ।
पूर्वाह्णे ब्राह्मणो वाक्यं क्षेमदर्शिनमब्रवीत् ।।१६।।

राजंस्त्वामभयं याचे प्रभुं प्राणधनेश्वरम् ।
अनुज्ञातस्त्वया ब्रूयां वचनं भवतो हितम् ।।
मित्रार्थमभिसंतप्तो भवत्या सर्वात्मनाऽऽगतः ।।१७।।

तं राजा प्रत्युवाचेदं यत्किञ्चिन्मां भवान् वदेत् ।
कस्मादहं न क्षमेयमाकाङ्क्षन्नात्मनो हितम् ।।२०।।

मुनिरुवाच ।।

ज्ञात्वा पापानपापांश्च भृत्यतस्ते भयानि च ।
भवत्या वृत्तिं समाख्यातुं भवतोऽन्तिकमागमम् ।।२२।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मुनिरुवाच ।।
अदर्शयन्निमं दोषमेकैकं दुर्बलीकुरु ।
ततः कारणमाज्ञाय पुरुषं पुरुषं जहि ।।५९।।
एकदोषा हि बह्वो मृद्नीयुरपि कण्टकान् ।
मन्त्रभेदभयाद् राजंस्तस्मादेतद् ब्रवीमि ते ।।६०।।
राजन्नात्मानमाचक्षे सम्बन्धी भवतो ह्यहम् ।
मुनिः कालकवृक्षीय इत्येवमभिसंज्ञितः ।।६२।।
पितुः सखा च भवतः संमतः सत्यसङ्गरः ।
व्यापन्ने भवतो राज्ये राजन् पितरि संस्थिते ।।६३।।
सर्वकामान् परित्यज्य तपस्तप्तं तदा मया ।
स्नेहात् त्वां तु ब्रवीम्येतन्मा भूयो विभ्रमेदिति ।।६४।।
उभे दृष्ट्वा दुःखसुखे राज्यं प्राप्य यदृच्छया ।
राज्येनाऽमात्यसंस्थेन कथं राजन् प्रमाद्यसि ।।६५।।

(*महाभारत* शान्तिपर्व ८२ अध्याय)

पंल्ह्ले कोही बषत्मा क्षेमदर्शी नाउँ गन्याका अयोध्याका राजासंग कालकवृक्षीय नाउँ गन्याका ऋषि जो छन् सो आउँदा भया, ति हामीले सुन्याका छौं । ति कालकवृक्षीय ऋषि जो छन् सो इ क्षेमदर्शी राजाका मंत्रीहरूको षवर् बुझी त्यो षवर् क्षेमदर्शीलाई सुनाउँ भन्ने मन्सुवाले कौवा हाल्याको पिंजरा लिइ क्षेमदर्शी राजाका मुलुक्मा वरावर् डुल्न लाग्दा भया । तेही मुलुक्का धेरै मानिसलाइ साथमा लिइ घुमी यस्ता वचन्कन कहन लाग्दा भया, हे-दुनिञाहो, मेरा इ कौवाले भैसक्याको पनि पछि हुन्या पनि ऐल्ह्ले हुन लाग्याको पनि सबै कुरा बताउँछ, तसर्थ मेरा कौवाको विद्याकन तिमीहरूले पनि पढ । यस्ता वचन् कही ति कालकवृक्षीय ऋषि जो छन् सो सबै ठाउँमा घुम्दा छँदा राजाका संपूर्ण काम्दारहरूले राजाको धन् चोऱ्याको वुझ्दा भया । त्याहाँदेषि उप्रान्त ति ऋषि जो छन् सो त्यो अयोध्या सहरको संपूर्ण चालचलन् वुझी राजाका काम्दारहरूले ठाउँ ठाउँमा राजाको धन् चोऱ्याको पनि वुझी आफ्ना कौवालाइ लिइ राजाको दर्शन गर्न जाँदा भया, गैकन नियममा रह्याका ति ऋषि जो छन् सो म सब कुरो जान्दछु भनी भन्दा भया । त्याहाँपछि राजासंग आइ ति ऋषि जो छन् सो राजाका पियारा भयाका ठाट् पारेर बस्याका मंत्रीलाइ कहन लाग्दा भया, हेमंत्री, मेरो कौवाले भन्दछ फलाना जगामा तिमीले राजाको धन् चोऱ्यौ रे, त्यो धन् चोऱ्याको फलाना फलानाले पनि थाहा पायेको छ रे, मेरो कौवाले भन्याको साँचो हो कि होइन विचार गर । येति वचन् राजाका मंत्रीलाइ कही अरू पनि राजाका काम्दारहरूलाइ तिमीले पनि राजाको धन् चोऱ्याका छौ तिमीले पनि राजाको धन् चोऱ्याका छौ भनि ति कालकवृक्षीय ऋषिले कहदा भया । ति ऋषिले जस् जस्लाई चोर भन्याथ्या ती सबैले चोऱ्याका थिया, ति ऋषिले झुटो वोल्याका होइनन् । तेस्तो हुदामा ती मंत्री आदि गन्याका राजाका काम्दारहरू जो छन् सो आफुले गुप्त गरी चोऱ्याको कुरो पनि प्रकाश्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्दनाले रिसायाका छँदा यो कौवालाइ राख्या त अरू पनि हाम्रा काम्कन भनीदेला, तसर्थ यस् कौवालाइ मार्न पऱ्यो भनी सल्लाहा गरी सबै जना मिल्याका छँदा रात्रिमा ति कालकवृक्षीय ऋषि अँध्यारामा सुत्याका बषतमा वाणले हानीकन त्यो कौवालाइ मार्दा भया । त्याहाँदेषि उप्रान्त ति ऋषि जो छन् सो बिउँझ्यापछि पिंजराभित्र रह्याका कौवालाइ वाण लागेर मऱ्याको देषी प्रातःकालैमा क्षेमदर्शी राजा भयाका जग्गामा गैकन केही वचन् कहन लाग्दा भया, हेमहाराज, संपूर्णका प्राणका पनि धन्का पनि मालिक् हुनुहुन्छ, तसर्थ हजूरसंग म अभय माङछु, तँलाइ केही डर छैन, तेरा चित्तले देष्याको कुरो विन्ति गर् भन्ने हुकुम पाया हजूरको भलो हुन्या कुरो म विन्ति गर्न्या थियाँ । म त हजूरको मित्र हुँ, हजूरको वेगार हुन लाग्यो भनी हजूरलाइ सब तरहले सम्झाउँ भनी आयाको छु । ... कालकवृक्षीय ऋषिका यस्ता वचन् सुनी ति क्षेमदर्शी राजा जो छन् सो कहन लाग्दा भया, हेऋषि, तपाञिले जो कुरो भन्नुहोला त्यो कुराकन म किन सहोइन, आफ्नु भलो होस् भन्नानिमित्त तपाञिले भन्याको कुरोकन सहुँला । ··· क्षेमदर्शी राजाका यस्ता वचन् सुनी ति कालकवृक्षीय ऋषि जो छन् सो विन्ति गर्न लाग्दा भया, हेमहाराज, यो इमान्दार रहेछ यो वेमानी रहेछ भनी हजूरका काम्दारहरूलाइ चिह्नी हजूरका चाकर्हरूले हजूरको वेगार गर्न लाग्याको पनि बुझी हजूरका भक्तिले हजूरसंग विन्ति गरूँ भनी हजूरका नगीज्मा आयाको छु । ··· कालकवृक्षीय ऋषि जो छन् सो विन्ति गर्न लाग्दा भया, हेमहाराज, ऐह्ले इ मंत्रीहरू जो छन् सो सबै जना मिल्याका छन्, तसर्थ इन्लाइ ऐह्ले मेरो धन् किन चोऱ्यौ नचोऱ्याको भया त्यो कौवालाइ किन माऱ्यौ भनी हजूरले हुकुम् गर्न हुँदैन । ऐह्ले त के गरीबक्सनुहवस् भने एउटा मंत्रीलाइ षोसीवक्सनुहवस्, फेरि अलिक मैह्लाष(प)छि अर्का मंत्रीलाइ षोसीबक्सनुहवस्, यस्ता रीतले एक एकवोटा गरी षोसीबक्सनुहवस् । वाहाँपछि इनिहरूको वल घट्याको हुन्छ दुनिञाले पनि इनलाइ टेह्लन छोड्याका हुन्छन्, तेही बषतमा पक्री मेरो धन् किन चोरिथिस् नचोऱ्याको भया कौवालाइ किन मारिथिस् भनी एक एकवोटा गरी मारीवक्सनुहवस् । ऐह्ले अकस्मात्मा एकैपल्ट सबै मंत्रीलाइ समात्यापछि सबैको एकै अपराध् हुनाले सबै जना मिली हाम्रै नाश गर्न्याछन् । एकै अपराध् भयाका धेरै जना मिल्या भने कस्तै दुष्टको पनि नाश गर्दछन् भने हामी जस्ता साधुलाइ कसो गरी राष्नन् । तसर्थ हेमहाराज, अकस्मात्मा एकैपल्ट इनिहरूको नाश गर्न सकिन्न, एक एकवोटा गरी नाश गर्नुपर्दछ । राजाले त एक एकवोटा गरी हाम्रो नाश गर्न लाग्या भनेर पनि ती मंत्रीहरूले थाहा नपाउन् उस्तो गरी तिन्को नाश गर्नुपर्दछ । ··· म हजूरको नातादार मानिस हुँ । कालकवृक्षीय नाउँ गऱ्याका ऋषि भनी मलाइ भन्दछन्, म साँचो कबुल् भयाको हजूरका बुवाको पियारो मित्र थियाँ, हजूरका बुबाको परलोक भयापछि तेही दिक्दारीले मैले सब कुरो छोडी तपस्या गऱ्याँ । आज हजूर राज्यमा बस्नुभयाको छ भन्ने सुनी ञाहाँ आञा र चालचलन् बुझदा हजूरका राज्यमा यस्तो स्थिति देष्याँ र हजूरलाइ विन्ति गरूँ भनी ञाहा आञा । हेमहाराज, प्रीतिपूर्वक हजूरलाइ म विन्ति गर्दछु, अवउप्रान्त ती दुष्ट मंत्रीहरूलाइ इ मेरा आपस्त हुन् मेरो भलो गर्न्या हुन् भन्ने यस्तो नठह्ऱ्याइबक्सनुहवस्, इ त मेरा शत्रु रह्याछन् भन्ने यस्तो ठहऱ्याह(इ)बक्सनुहवस् । हेमहाराज, दुःखको पनि सुखको पनि तद्वीज् गरिबक्सनुहवस्, आफुले पायाको यो राज्यकन मंत्रीहरूलाइ सौंपी आफु चुपो लागेर किन बस्नुहुन्छ ।

(राजधर्मका २७५-२७६, २७७, २८१-२८२ पृष्ठ)

राजाले आफैंले लिखित आज्ञा दिई काम गराउनु बढिया हो भन्ने कुरा *शुक्रनीति*मा पनि लेखिएको छ । जस्तै—

न कार्यं भृतकः कुर्यान्नृपलेखाद् विना क्वचित् ।
नाऽज्ञापयेल्लेखनेन विनाऽल्पं वा महन्नृपः ।।२९०।।

([illegible])

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भ्रान्तेः पुरुषधर्मत्वाल्लेख्यं निर्णायकं परम् ।
अलेख्यमाज्ञापयति ह्यलेख्यं यत् करोति यः ।।२९१।।
राजकृत्यमुभौ चोरौ तौ भृत्यनृपतो सदा ।
नृपसंचिह्नितं लेख्यं नृपस्तन्न नृपो नृपः ।।२९२।।
समुद्रलिखितं राज्ञा लेख्यं तच्चोत्तमोत्तमम् ।
उत्तमं राजलिखितं मध्यं मन्त्र्यादिभिः कृतम् ।।
पौरलेख्यं कनिष्ठं स्यात् सर्वं संसाधनक्षमम् ।।२९३।।
यस्मिन् यस्मिन् हि कृत्ये तु राज्ञा योऽधिकृतो नरः ।
सामात्ययुवराजादिर्यथानुक्रमतश्च सः ।।२९४।।
दैनिकं मासिकं वृत्तं वार्षिकं बहुवार्षिकम् ।
तत्कार्यजातलेख्यन्तु राज्ञे सम्यङ्‌ निवेदयेत् ।।२९५।।
राजाद्यङ्कितलेख्यस्य धारयेत् स्मृतिपत्रकम् ।

(*शुक्रनीति* २ अध्याय)

[जागीरदारले कहिले पनि राजाको लिखित पत्रविना काम नगर्नू । राजाले पनि नलेखीकन सानो वा ठूलो काम पनि नअह्राउनू । मानिसलाई भ्रम हुनु स्वाभाविक हुन्छ । त्यस वेला लिखित कुरा नै निर्णायक हुन्छ । जो राजा नलेखीकन अह्राउँछन्, जो जागीरदार नलेखीकन काम गर्छ, ती राजा र जागीरदार दुवै चोर हुन् । राजाको लिखित पत्र नै राजा हो, खालि राजा राजा होइनन् । छापसमेतको राजाले लेखेको पत्र उत्तमोत्तम (सबभन्दा असल) हो । राजाले लेखेको (छापविनाको) पत्र उत्तम हो । मन्त्रीहरूले लेखेको पत्र मध्यम हो । सामान्य जागीरदारले लेखेको पत्र कनिष्ठ हो । यी सबै कागत प्रमाण लाग्छन् । मन्त्री, युवराज आदि जो अधिकारी राजाले जुन काममा खटाइएका हुन्छन्, तिनले दैनिक, मासिक, वार्षिक, बहुवार्षिक कामको विवरण राजालाई राम्ररी बिन्ति चढाउनू । (जागीरदारले) राजा मन्त्री आदिले लेखेका पत्रहरूको स्मृतिपत्र (पञ्जिका) बनाइराख्नुपर्छ ।]

राजाले आफ्नो अधिकार एउटै मन्त्रीलाई सुम्पँदा राजा प्रजालाई सो राज्यमा विशेष हित हुँदैन । यस विषयमा पञ्चतन्त्रको तलको श्लोक चाखलाग्दो छ—

एकं भूमिपतिः करोति सचिवं राज्ये प्रमाणं यदा
तं मोहाच्छ्रयते मदः स च मदाद् दास्येन निर्विद्यते ।
निर्विण्णस्य पदं करोति हृदये तस्य स्वतन्त्रस्पृहा
स्वातन्त्र्यस्पृहया ततः स नृपतेः प्राणानभिद्रुह्यति ।।२६३।।

(पञ्चतन्त्र मित्रभेद)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मन्त्री एक गर्‍यो भने नृपतिले, मात्तिन्छ सेखी चढी
मातैले गरि दिक्क हुन्छ नृपको सेवा–विषे त्यै घडी ।
दिग्दारी–वश फेरि भित्र उसको स्वाधीनता जाग्दछ
तेसैले नृपलाइ मार्न वहुधा तत्काल त्यो लाग्दछ ॥

(वि. सं. २०१० मा काठमाडौँबाट लेखनाथ पौड्यालयद्वारा प्रकाशित, उनैले उल्था गरेको पञ्चतन्त्र पहिलो भागको दोस्रो संस्करणका १२२–१२३ पृष्ठ)

यसको उदाहरण १०४ वर्षको राणाराज्यले देखाएं जस्तो गरेको छ। जस्तै —

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराजमानमानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिप्रवलगोरखा दक्षिणबाहुमहाधिपति श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवनवीर विक्रम जङ्गबहादुर शाह बहादुर संशेर जङ्गदेवानाम् सदासमरविजयिनाम्.

शास्त्रबाट मात्र कालका प्रभावले सवै व्यवहार चलन नसक्ता र सवै प्रजामा एकनासको बुद्धि नहुँदा एकै किसिमका मुद्दामा पनी कहीं केही, कहीं केही इन्साफ भएको देखिदा छोडा वडा सवैलाई खत जात माफिक एकै सजाय हवोस घटि वढि नपरोस भन्ना निमित्त श्री ५ जिज्यूवाज्येज्यूवाट उस वखतका प्राइममिनिष्टरलाई हुकुम बक्सदा तयार भई मञ्जुर भएको ऐन संवत् १९१० साल पौष वदी ७ रोज ५ का दिनदेखी चली आएकोमा देश, काल, चलन, व्यवहार पनी फरक पर्दै आउने हुँदा शास्त्र, देश, काल, चलन, अवस्था विचार गरी घटि वढि गर्नुपर्ने भएमा घटि बढि गरी बनाउनु भनी श्री ५ जिज्यूवाजेज्यू श्री ५ बुबाज्यूहरुबाट र हामिबाट क्रमैसँग भएका प्राइममिनिष्टरहरु-लाई र संवत् १९८९ साल भाद्र १७ गते रोज ५ मा श्रीमदतिप्रचण्डभुजदण्डेत्यादि ओजस्विराजन्य प्रोज्ज्वलनेपाल-तारा अतिप्रवल गोरखादक्षिणवाहु पृथुलाधीश श्री श्री श्री महाराज जुद्धसंशेर जङ्गबहादुर राणा, ग्राँहद क्वाद ला लेजिओ द अनेयर ग्राण्ड कार्डन द ला आडर द लिओ पोल्ड; जी. सी. यस. आई; जी. सी. सान्ति मरि जियो एलाज्जारो; जी. सी. आई. ई; यितेङ्ग पावटिङ्ग शुन चियान, लु चुयां श्याङ्ग, च्याङ्ग, आनरेरि लेफटेन्याण्ट जनरल बृटिश आर्मि आनरेरि कर्णेल अफ अल दि गोरखा राईफल रेजिमेण्टस इण्डियान आर्मि; प्राइममिनिष्टर याण्ड सुप्रीम कम्याण्डर–इन–चीफलाई हुकुम वक्से मुताविक साविक वनिरहेका ऐनहरुमा सच्याउनु, घटाउनु, वढाउनु, थपनु, नया बनाउनु, खारेज गर्नु पर्ने भएमा भारादार कौशल बसी छलफल गरी छलफलमा ठहरेको श्रीप्राइममिनिष्टरले मनासिव ठहराई तयार गराएका गद्दी, राजकाज, जङ्गी, मुलुकी ऐनहरू हामिबाट पनी मञ्जुरगरि बक्सी हामि लगायत हाम्रा भरमुलुकका भाई भारादार दुनिआ रैति गैह्रले यसै ऐनमा लेखिएबमोजिम दण्ड–सजाय होला. अब पछि पनी प्रजा–पाणीलाई सुविस्ता रक्षा हुने काम काजका ऐन नयाँ वनाउनु, सच्याउनु, घटाउनु, वढाउनु, थपनु, खारेज गर्नु पर्दा भारादार कौशल वसी शास्त्र, देश, काल, चलन, व्यवहारको विचार राखी छलफल गरी श्रीप्राइममिनिष्टरले तजबिज गरी ठहर्‍याए माफिक गद्दी, राजकाज, जङ्गी-ऐन, मुलुकी–ऐनहरु सच्याउन, घटाउन, बढाउन, थप्न, नया–बनाउन, साविक खारेज गर्न र सो रीतसँग सदर भएवमोजिम ऐनतर्जुमा गर्नेअड्डाले ऐनका कितापमा थप घट खारेज गर्नु पर्ने गरी सच्याउन हुन्छ. सदर मोफसलमा समेत सो बमोजिम ऐन जारी गरिदिनू, यस रीतले बाहेक यस कितापमा बहाल रहेका ऐनमा थपी मेटी कलम घटि बढि पारेको ठहर्‍यो भने तेस्तालाई ऐनबमोजिम सजाय होला.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

माथि लेखिए मुताबिक हामी लगायत हाम्रा भरमुलुक्का भाई भारादार दुनिया रैति गैह्लले यस कितापमा लेखिएका ऐनबमोजिम रहनु भन्ने थितिबन्देजको हुकुम बक्स्यौं.

(वि. सं. १९९२ मा छापिएको ऐनको पहिलो भागको भूमिका)

राणा शासकहरूले हुकुम आफैंले जफत गरी राज्य चलाएका थिए । जस्तै—

ऐनमा लेखिएबमोजिम गर्दा सरकारको नोक्सान पर्ने वा चुक अनुसार दुनिञालाई चर्को पर्ने भई वा अरू कुनै कारणले ऐन सच्याउन वा नञा ऐन बनाउन खारेज गर्न पर्ने देखिएमा सो कुरा लेखने किताप खडागरी आपना चित्तले देखेको वाधा परेको कुरा सोहि कितावमा लेखदैगरी राखी ३।३ महिनामा र तुरुन्त जाहेर गर्नु पर्ने परिआए तुरुन्त ऐन तरजुमा गर्ने अड्डामार्फत जाहेर गरी पठाउनु. तेरतो जाहेरी आएमा ऐन तरजुमा गरी जाहेर गर्ने अड्डाले पनी बनाउनु पर्ने नपर्ने विचार गरी बनाउन पर्ने ठहरे जति र अड्डैले सो बमोजिम बनाउन सच्याउन खारेज गर्न पर्ने ठहराएकोमा समेत मुखत्यारद्वारा प्राइममिनिष्टरका हजुरमा विन्ति पारी हुकुम बक्सेबमोजिम गर्नू. लेखिए बाहेक बनाउन नपर्ने ठहराएकोमा जाहरे गरी रहनु पर्दैन.

[अदालति बन्दोबस्तको ७ नं. (ऐनको पहिलो भागको २ पृष्ठ)]

यस कारण सफल विजिगीषु राजा पृथ्वीनारायण शाहले यो जो बोले, सो कुरो राजतन्त्रमा उचित कुरो हो ।

नेपालखाल्डोलाई मुगलले जित्नेछन् भन्ने हल्ला

नेपालको किताप ह(है)र्दा तुर्कानाा मंग्रात् मुग्लाना हुन्या रहेछ र तुर्कानाा अघि भैगयेछ.

वि. सं. १४०६ मङसीरमा बङ्गालका सुल्तान शमसुद्दीनले नेपालमा हमला गरेका थिए । त्यस बेला नेपालखाल्डोको राजगद्दीमा राजदेव थिए । शमसुद्दीनको फौजले नेपालखाल्डोका तीनै शहर र पशुपति, स्वयम्भू आदि प्रख्यात देवस्थल पनि ध्वस्त पारिदियो । यसरी नेपालखाल्डोलाई ध्वस्त पारी मुसलमानी फौज चाँडै नै फर्कर गयो । यसै हमलाको ७ वर्षपछि वि. सं. १४१४ मा पाटन पिंबहालको चैत्यको जीर्णोद्धार महापात्र मेघपालले गरे । मुसलमानी हमलाको ११ वर्षपछि वि. सं. १४१७ मा महामन्त्री जयसिंहरामवर्द्धनले पशुपतिको जीर्णोद्धार गरे । शमसुद्दीनको हमलाको २२ वर्षपछि वि. सं. १४२९ मा पात्रवंशी राजहर्षले राजा अर्जुनदेव र उपराज स्थिति मल्लको आज्ञा लिई स्वयम्भू चैत्यको जीर्णोद्धार गरे ।

सम्वत् ४६९ वेशाषीपौर्णमास्यां श्रीश्रीराजाजयराजदेवेन श्रीपशुपतिभटारकस्य कोष प्रढौकितम् ।। ततरे पूर्व्व सुरतान समसदिनमागत्य नेपालम् श्रीपशुपति

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्रिखण्डीकृता नेपाल स्मस्त भस्मीभवान् । हाहाभवन्ति लोकश्च ।। सम्वत् ४७० मार्ग्गशिरशुदि ९ महाकष्ट भवामि भक्तापुरे ।।

(गोपालराजवंशावली २८ पत्रबाट)

सं. ४७० मार्ग्गशिरशुदि ९ स्मसदिन सुरतार्नाल वस्य समस्त डाहरपा, दिन ७ मावव ।।

(गोपालराजवंशावली ५२ पत्रबाट)

[ने. सं. ४६९ (१४०६) वैशाख पूर्णिमामा राजा श्रीश्रीजयराजदेवले श्रीपशुपतिनाथलाई ढुकुटी चढाउनुभयो । यसपछि पूर्वतिरबाट सुल्तान शमसुद्दीन नेपाल आई श्रीपशुपतिनाथलाई तीन टुक्रा पार्‍यो । सारा नेपाल भस्म भयो । दुनियाँमा हाहाकार फैलियो । ने. सं. ४७० (वि. सं. १४०६) मार्गशुक्ल नवमीको दिन भक्तपुरमा ज्यादै दुःख पाएँ ।

ने. सं. ४७० (वि. सं. १४०६) मार्गशुक्ल नवमीको दिन सुल्तान शमसुद्दीन आएर ७ दिनसम्म सबैतिर डढायो ।]

नेपालेतीतसंख्ये मुनिनगजलधौ वत्सरे चैत्रमा(से
पक्षे शु)क्लोत्तरस्य प्रवरगुरुदिने पुष्यऋक्षे नवम्यां ।
योगे शूलाग्रसं(ज्ञे शुभ इ)ति गदिते बालवे चाधिकृर्ण्णे
तस्मिन् श्रीचैत्यमूर्ति सकलजिनतनू येन सम्य(क्) प्रतिष्ठः ।।
श्रीमत्वर्ज्येयनेन्यसुगतसुतसमं धर्मशास्त्रे प्रवर्त्तः
सिद्धेन्द्राद्ध्यानचंद्रात् समधिगतवर जागिकात् लक्षयज्ञे ।
सोयं श्रीमेघपालो भ(व)ति हि विजयी सर्वशत्रुनिहंता
यज्ञे धर्मेषु नित्यं लघुतनय इव सर्व्वभावे प्रवर्तः ।।
श्रुतानसामसदिनो यवनाधिराजः
नेपालसर्वनगरं भश्मीक(रो)ति ।
तस्मिन् क्षणे पतितचैत्यमिदं च दृष्ट्वा
जीर्ण्णं करोति नवकं वरपालसिंहः ।।

(पाटन पिंबहालको वि. सं. १४१६ को अभिलेखबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[ने. सं. ४७७ (वि. सं. १४१४) चैत्रशुक्ल नवमी तिष्यनक्षत्र शूलयोग बालवकरण बृहस्पतिवारका दिन जसले (मेघपालले) भगवान् बुद्धको चैत्य र मूर्तिको प्रतिष्ठा गर्नुभयो ।

वज्रयानमा अर्का बुद्धपुत्र जस्ता, धर्मशास्त्रवमोजिम काम गर्ने, ठूला सिद्ध योगी ध्यानचन्द्रबाट लक्षहोममा वर पाएका, यज्ञमा र धर्मकर्ममा रामचन्द्र जस्तै सर्वात्मना लागेका, सारा शत्रुलाई सखाप पारेका त्यस्ता उहाँ श्रीमेघपाल विजयी भइरहनुभएको छ ।

मुसलमान राजा सुल्तान शमसुद्दीनले सारा नेपाल शहर ध्वस्त पाऱ्यो । त्यही वेला यो चैत्य पनि ध्वस्त भएको देखेर असल पालहरूमा श्रेष्ठ (मेघपाल)ले जीर्णोद्धार गर्नुभयो ।]

आसीद् धर्मनिधिद्वयैकजलधिर्न्नेपालभूमण्डले
ख्यातः श्रीजयराजदेवनृपतिः तेनैव राज्ञीकृते ।
तस्मिन्नेव विराजति स्म विमलः स्तूपो मुनेः केतनः
श्रीसाह्ने शिखरि प्रसिद्धभुवने प्रस्थापितः पूर्व्वकैः ।।
सप्तत्याभ्यधिके श्रीमत्नेपालाब्दचतुःशते ।
मार्गशीर्षे सिते पक्षे दशम्यां गुरुवासरे ।।
सुरत्राणसमस्दीनो बंगालबहुलैर्बलैः ।
सहागत्य च नेपालो भग्नो दग्धश्च सर्वशः ।।
कालेन कियता धीमान्स राजा त्रिदिवङ्गतः ।
एवं यवनदग्धस्तु स स्तूपोपि तथा स्थितः ।।
श्रीजयार्जुनदेवेन सूनुना तस्य भूभृतः ।
सम्पाल्यमाने नेपाले वीरनारायणेन तु ।।
श्रीजयस्थितमल्लेन क्षत्ररत्नाकरेन्दुना ।
पालिते तत्र कालेन बुद्धपुण्योदयेन च ।।
श्रीकाष्ठमण्डपपुरी विमलातिरम्या
तस्यां जयी वसति वीर्यगुणैरुदारः ।
श्रीराजहर्ष इति सर्वजनप्रणीतः
पात्रान्वयामृतकरः सुविशालकीर्तिः ।।···
आदायाज्ञां द्वयो राज्ञोरिन्द्रोपेन्द्रसमानयोः ।
सज्जीकृतं शुभोद्दिष्टं राजहर्षेण धीमता ।।
पुनर्न्निर्मीयते स्तूपं धर्मधातुसमुद्भवम् ।···

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अब्दे नेपालिकाङ्के नयननवयुगे चाश्विने पूर्णिमायाम्-
मृक्षे मासानुकारे सिततनयदिने योगसौकर्म्मणाख्ये ।
स्तूपस्यास्य प्रतिष्ठा सकलशुभमयी कारिता तैः सुस्वर्ण-
छत्रारोहादिलक्षाहुतिमखविधिना श्रीयुतै राजहर्षैः ।।

(सिम्भूको अर्जुनदेव र स्थिति मल्लको पालाको वि. सं. १४२९ को अभिलेखबाट)

[दुवै धर्म (शैव र बौद्ध धर्म) मान्ने, नेपालका प्रख्यात राजा श्रीजयराजदेव हुनुहुन्थ्यो । उहाँ राजाले राज्य गरिरहनुभएको वेलामा संसारमा प्रख्यात श्रीस्वयम्भूको डाँडामा पहिलेपहिलेकाले स्थापना गरिएका शाक्यमुनि (बुद्ध) को वासस्थान भएको स्तूप शोभायमान भइरहेथ्यो ।

श्रीने. सं. ४७० (वि. सं. १४०६) मार्गशुक्ल दशमी बृहस्पतिवारका दिन धेरै बङ्गाली फौज लिएर आई सुल्तान शमसुद्दीनले नेपालमा सबैतिर भत्कायो, पोल्यो ।

केही कालपछि बुद्धिमान् उहाँ राजा (राजदेव) स्वर्ग जानुभयो । यस्तो अवस्था परेको हुनाले मुसलमानले उढाएको त्यो स्तूप पनि त्यसै रह्यो ।

उहाँ राजा (राजदेव)का छोरा वीरमा श्रेष्ठ श्रीजयार्जुनदेवले नेपालमा राज्य गरिरहनुभएको वेलामा, क्षत्रियकुलमा पैदा भएका श्रीजयस्थिति मल्लले पनि बुद्धका पुण्यको प्रतापले त्यही समयमा शासन गरिरहनुभएको वेलामा राम्रो सफा श्रीकाष्ठमण्डप शहरमा पराक्रम र गुणले विजयी भएका, उदार, सबैले मानिएका, पात्रवंशमा जन्मेका, ठूलो कीर्ति भएका श्रीराजहर्ष बस्नुहुन्छ ।

इन्द्र र उपेन्द्र जस्ता दुवै राजाको (राजा जयार्जुनदेव र उपराज जयस्थिति मल्लको) आज्ञा लिई बुद्धिमान् राजहर्षले शुभ गर्ने बुद्धको यो स्तूप तयार पारी फेरि बनाइएको हो ।

ने. सं. ४९२ (वि. सं. १४२९) आश्विनशुक्ल पूर्णिमा अश्विनीनक्षत्र सुकर्मयोग बुधवारका दिन यो स्तूपको प्रतिष्ठा, गजूर चढाउने काम र लक्षहोम श्रीराजहर्षले गराउनुभयो ।]

सं. ४८० वैशाषशुक्ल दुतीया भग्न श्रीपशुपतिस स्थापन याङा, दिन, जयसिंहरामः महाथ भासन, ··· थ्व यज्ञस श्रीजयार्जुनदेवस वो सङ्करदेविस वो ···

(गोपालराजवंशावली ५४ पत्रबाट)

[ने. सं. ४८० (वि. सं. १४१७) वैशाखशुक्ल द्वितीयाको दिन बिग्रेका श्रीपशुपतिको जीर्णोद्धार महामन्त्री जयसिंहरामले गरे । यो यज्ञमा श्रीजयार्जुनदेव पनि आए । शङ्करदेवी पनि आइन् ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीश्रीमानेश्वरीवरप्रतिलब्धस्य श्रीमत्श्रीश्रीपशुपतिसंस्थापितस्य ··· महामंत्राधिराजतिलकगोपिनारायनमहामंत्रीश्रीजर्यासहरामवर्द्धनस्य प्रतिपालितविजयराज्ये ।।

(इटुंबहालको वि. सं. १४३९ को अभिलेखबाट)

[श्रीश्रीमानेश्वरीको वर पाएका, श्रीश्रीश्रीपशुपतिको स्थापना गरेका, महामन्त्राधिराजहरूमा मुख्य, गोपीनारायण महामन्त्री श्रीजयसिंहरामवर्द्धनको विजयराज्यमा ।]

राजाधिराजपरमेश्वरपरमभट्टारकयुवराजश्रीश्रीश्रीजयधर्म्ममल्लदेवस्य विजयराज्ये ।। श्रीश्रीभुवंतराजकुलमहामंत्रेश्वरश्री ३ पशुपतिलिंगस्थापनाचार ··· राजलक्ष्मीसमालिंगितमहामंत्राधिराजश्रीजयसिंहरामवर्द्धणेन । तदनुज ··· श्री ३ त्रिपुरसुंदरीवरप्रतिलब्दपरममाहेश्वरमहामात्यश्रीमदनरामवर्द्धणेन सह प्रतिपालितराज्ये । ··· विध्वस्त श्री ३ पशुपतिलिङ्गप्रतिष्ठाकृताचार्य ··· रघुवंशोद्भवराजपुरोहित ··· रयणपतिआराध्यसर्मण कनिष्ठपुत्रेण

(देउपाटन त्यागलटोल गचाननीको धर्म मल्लको पालाको अभिलेखबाट)

[महाराजाधिराज परमेश्वर परमभट्टारक युवराज श्रीश्रीजयधर्म मल्लदेवको विजयराज्यमा । श्रीश्रीवनेपाली राजवंशका महामन्त्रेश्वर, श्री ३ पशुपतिको लिङ्ग स्थापना गरेका, राजलक्ष्मीले युक्त भएका, महामन्त्राधिराज श्रीजयसिंहरामवर्द्धनले र उहाँका भाइ श्री ३ त्रिपुरसुन्दरीको वर पाएका, महादेवका ठूला उपासक महामन्त्री श्रीमदनरामवर्द्धनले पालना गरिरहेको राज्यमा। ध्वस्त भएको श्री ३ पशुपतिको लिङ्ग प्रतिष्ठा गर्दाखेरि आचार्य भएका रघुवंशी राजाका पुरोहित रयणपति आराध्य शर्माका कान्छा छोराले ।]

(वि. सं २०१९ मा ललितपुरबाट जगदम्बा प्रकाशनद्वारा प्रकाशित धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *इतिहास–संशोधनको प्रमाण–प्रमेय*को मूल भागका ९२–९६ पृष्ठबाट अत्यावश्यक संशोधन गरी यो प्रकरण सारिएको हो ।)

१ सम्वत् ४७० मार्गशिरकृष्ण ।। तृराख कोन्हु समनदिन शुर्तानन नेपाल तेरो ˎ पशुपति स्यंगु ˎ ख्वप्वं ˎ यलं ˎ यग्ल यंबु मि चोया मोको दिन ˎ शनिश्चर मोनगत मजुरो ।।

(केसरपुस्तकालयको ३६९ सङ्ख्यामा रहेको *नारदस्मृति*मा टिपिएको वाक्य)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[ने. सं. ४७० (वि. सं. १४०६) मार्गकृष्ण तृतीयाको दिन शमसुद्दीन सुल्तानले नेपाल जिते । पशुपति, सिम्भू, मादगाउँ, पाटन, यग्ल (काठमाडौं शहरको दक्षिण भाग), यंबु (काठमाडौं शहरको उत्तर भाग र दक्षिण भागमा पर्ने टेबहालसमेत)मा आगो लाएको दिन]

(वि. सं. २०३७ मा प्रकाशित पूर्णिमा ४५ अङ्कमा छापिएको महेशराज पन्त र दिनेशराज पन्तको *नेपालखाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमला* भन्ने निबन्ध, सो अङ्कको ८ पृष्ठ । त्यहाँ छापिएको उल्था केही सच्याई यहाँ दिइएको छ ।)

पृथ्वीनारायण शाहले तुर्काना अघि भैं गयेछ भनी शमसुद्दीनले नेपालखाल्डोमा हमला गरेको कुरालाई लक्ष्य गरेका हुन् । शमसुद्दीनको हमलापछि नेपालखाल्डोमा मगरात र मुगलको क्रमले आधिपत्य हुने कुरा लेखिएको पुस्तक पृथ्वीनारायण शाहले देखेका रहेछन् भन्ने कुरा उपदेशको माथि उद्धृत वाक्यबाट स्पष्ट हुन्छ । यसरी नेपालखाल्डोको इतिहास जान्ने पृथ्वीनारायण शाहको इच्छा थियो र त्यसको लागि उनले लागि उनले कोशिश गरेका थिए भन्ने देखिन आउँछ ।

मुगललाई हराउने उपाय

मगरात्‌को राजा मै हुं . मुग्‌लानाको दोष मेटनालाई आधा थुम मेटि कंपनी जमायाको हो. आधा षुडा आधा पथरकाला बनायाको हो.

मगरहरूको धेरै बस्ती भएको गोरखाका राजा पृथ्वीनारायण शाहले मगरातको राजा मैं हुँ भनी बोल्नु स्वाभाविक हो । पृथ्वीनारायणले नेपालखाल्डो विजय गरेका हुनाले नेपालखाल्डो मगरात भयो भन्ने पनि मिल्न आयो । यसरी तुर्काना र मगरात भइसकेको नेपालखाल्डो मुग्लाना (मुगलको राज्य) हुन्छ भनेर केही मानिस हल्ला पिट्न लागेका थिए । सो हल्लाबाट आफ्नो देशलाई बचाउनु पृथ्वीनारायणले आफ्नो कर्तव्य सम्झेर यस्तो वाक्य बोलेको देखिन्छ ।

हुने कुरा नभई छोड्दैन, मानिसले गरेर केही हुने होइन भनी मन निराश पारी बसे सानोतिनो कुरो पनि हुँदैन भने ठूलो कुरो त के हुन सक्थ्यो । तर पृथ्वीनारायण शाहको हृदय अत्यन्त दरो थियो र उनी आफ्नो देशलाई मुसलमानको दास बन्न दिन सक्तैनथे ।

विदेशीको दास बन्नु वा नबन्नु जाफ्नै शक्तिको भरमा छ भन्ने कुरा उनले सम्झे र मुग्लानाको दोष मेट्नाका लागि आफ्नो शक्ति बढाउनु उनले आफ्नो कर्तव्य सम्झे । यसै कारण मुगलहरूको हतियार (बन्दूक)धारी आफ्नो सेना पनि जमाउने, आफ्नो पुरानो हतियार (खुंडा) लिई लड्ने सेना पनि कायम राख्ने नीति उनले यहाँ लिएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जङ्गी बन्दोबस्तको एक अंश

जगेरा बांधी भरि राख्नु.

प्राचीन अर्थशास्त्रकारहरूले खर्चका विषयमा तीन किसिमका मनुष्यहरूको व्यवहारको निन्दा गरी त्यस्तो न गर्नू भन्ने उपदेश दिएका छन् । जस्तै—

मूलहरतादात्विककदर्यांश्च प्रतिषेधयेत् ॥२३॥ यः पितृपैतामहमर्थमन्यायेन भक्षयति स मूलहरः ।२४॥ यद्यदुत्पद्यते तत्तद् भक्षयति स तादात्विकः ॥२५॥ यो भृत्यात्मपीडाभ्यामुपचिनोत्यर्थं स कदर्यः ॥२६॥

(कौटलीय अर्थशास्त्र २ अधिकरण ९ अध्याय)

[दुनियाँलाई मूलहर, तादात्विक, कदर्य पनि बन्न नदिनू । बाबुबाजेदेखि आएको सम्पत्तिलाई जसले अन्यायपूर्वक उडाउँछ, त्यो मूलहर कहलाउँछ । जो जति आम्दानी हुन्छ त्यति नै खर्च गर्छ, त्यो तादात्विक कहलाउँछ । जो जहान छोराछोरी र आफूलाई पनि दुःख दिएर पैसा थुपार्छ, त्यो कदर्य कहलाउँछ ।]

यहाँ पृथ्वीनारायण शाहले राष्ट्रलाई तादात्विक बन्न नदिने नियमको विषयमा बोलेका हुन् । यस विषयको कुरा अन्त्र पनि पाइन्छ । जस्तै—

आपदर्थं च निर्यातं धनं त्विह विवर्धयेत् ॥२३॥
राष्ट्रं च कोषभूतं स्यात् कोषो वेश्मगतस्तथा ।

(महाभारत शान्तिपर्व ८७ अध्याय)

दुनिआले दियाको धनकन पनि आपत्ति पऱ्याका बखतमा चाहियेला भनी वढाइराख्नु, संपूर्ण राज्यलाइ पनि आफ्नै भंडार जस्तो ठहऱ्याइ वढाइराख्नु, आफ्ना घरको भंडारकन पनि वढाइराख्नु ।

(राजधर्मको २९७ पृष्ठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आत्मसंशोधन

वि. सं. १४०९ को निरयपालको ताम्रपत्र सबभन्दा पहिले, काठमाडौँबाट मदनदेव भट्टराईद्वारा सम्पादित *हिमाली सन्देश*को वि. सं. २०३१ कार्तिक २३ गते छापिएको ५ वर्ष १३ अङ्कमा योगी नरहरिनाथको *इतिहासाभित्र*मा प्रकाशित भएको हो । त्यसपछि मात्र वि. सं. २०३४ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल*का ३०–३९ सङ्ख्यामा छापिएको शङ्करमान राजवंशीको *ऐतिहासिक पत्रस्तम्भ*मा (१२३ पृष्ठमा) प्रकाशित भएको हो । *पूर्णिमा*को ६१ अङ्कमा छापिएको, *गोपालराजवंशावलीमा परेका चारि सय आठ जस्ता शब्दको विषयमा* भन्ने मेरो निबन्धमा (२० पृष्ठमा) पछिल्लो प्रकाशनको विषयमा मात्र लेखिएको र अघिल्लो प्रकाशनको चर्चा भूलले गर्दा छुटेकोले यो आत्मसंशोधन प्रकाश गरिएको छ ।

— महेशराज पन्त

श्री ५ रणबहादुर शाहले डाँस्या खवासलाई वि. सं. १८५० मा लेखेको पत्र वि. सं. २०३८ भाद्र २२ गते परराष्ट्र-मन्त्रालयबाट मैले सारेर ल्याएको हुँ । सो पत्र वि. सं. २०४१ फाल्गुनमा प्रकाशित *पूर्णिमा* ६१ अङ्कको २२ पृष्ठमा अप्रकाशित भनी छपाएको थिएँ । वि. सं. २०४१ मा छापिएको श्रीकृष्णकान्त अधिकारीको *नेपाल् अन्डर् जङ् बहादुर्* भन्ने पुस्तकमा यो पत्र छापिएको छ भन्ने सूचना श्रीदेवीचन्द्र श्रेष्ठले दिनुभयो र सो पुस्तक पल्टाई हेर्दा त्यहाँ १४२ पृष्ठमा केही अशुद्ध रूपमा सो पत्र छापिएको देखियो । यस कारण सो पत्र अप्रकाशित रहेनछ र यो आत्मसंशोधन प्रकाश गरिएको छ ।

— दिनेशराज पन्त

शुद्धिपत्र

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध	पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
१	१०	चर्चा	चर्चा	११	२६	लब्यप्रतिष्ठ	लब्धप्रतिष्ठ
१	१७	रीलसङ्ख्या १७०२/	रीलसङ्ख्या ई १७०२/	१२	२०	खुच्चिङ	खुच्चिङ
२	८	श्रीललित°	श्रीलालिता°	२०	२	डिस्कोभर्ड्	डिस्कभर्ड्
२	१८	रीलसङ्ख्या	रीलसङ्ख्या ई	२०	२७	नोह्वेर	नोह्वेर्
		१७०२/७	१७०२/७	२१	२	हुकफाको	हुर्केकाको
२	२२	१७०२/९	ई १७०२/९	२१	९	भङ्ग्रेजीमा	अङ्ग्रेजी
३	१	रीलसङ्ख्या १७०२/	रीलसङ्ख्या ई १७०२/	२२	२७	सधैं को	सधैंको
४	२२	वयान	बयान	२४	१५	नलिनु	नलिनु,
४	२३	कुन	कुन्	२५	२१	पाउछन्,	पाउँछन्,
४	२५	कीर्तिपताकाका	कीर्तिपताकाका	२६	१३	पृथ्वी°	पृथ्वी°
६	१०	(२ क पत्र)	(२ ख पत्र)	२८	११	°मद्वारासङ्ग	°मद्वारासङ्गं
८	७	श्रीयुक्कन्°	श्रीयुक्कुन्°	३२	१५	अभिगम्य गुणं°	अभिगम्यगुणं°
८	१६	कीर्तिपताका	कीर्तिपताका	३५	१७	दृष्टा	दृष्ट्वा
९	१४	कीर्तिपताकाको	कीर्तिपताकाको	३५	२०	व्र्यां	ब्रूयां
११	१९	अधर्बं से	अधर्बंसे	३६	१७	क्षेमदर्शीलाई	क्षेमदर्शीलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चौधौँ वर्षको आम्दानीखर्चको विवरण

आम्दानी	**२२३०४।९१**
मदनपुरस्कारपुस्तकालयबाट २ पटक गरी संशोधन–मण्डलले पाएको अर्थसहायता	१०००।
श्री ५ को सरकार मन्त्रिपरिषत्–सचिवालयको संशोधन–मण्डललाई सालबसाली रु. १०००। अर्थसहायता दिने वि. सं. २०३७।१२।१२ को निर्णयअनुसार श्री ५ को सरकार शिक्षा तथा संस्कृति मन्त्रालयबाट आएको	१०००।
साझा प्रकाशनमार्फत पूर्णिमा, अभिलेख–सङ्ग्रह आदि बिक्री हुँदा आएको	२४६३।५०
राष्ट्रियपुस्तकप्रदर्शनीमा पूर्णिमा, अभिलेख–सङ्ग्रह आदि बिक्री हुँदा आएको	२४२४।८५
पूर्णिमा, अभिलेख–सङ्ग्रहको बिक्रीबाट	२६८१।७०
नेपालसंवत्‌को राष्ट्रिय मान्यताको अनौचित्यको बिक्रीबाट	३०।
बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तरको बिक्रीबाट	२।
वृत्तशतकको बिक्रीबाट	३।
महेशराज पन्तबाट संशोधन–मण्डलले पाएको अर्थसहायता	१०००।
नयराज पन्तको लेख नेपाल कानून परिचर्चामा छापिएबापत आएको	१५०।
नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको लेख नेपाल कानून परिचर्चामा छापिएबापत आएको	१५०।
बचतखाताको ब्याज	१०९४।२३
पोहोरको बाँकी (पूर्णिमा ५३ अङ्कमा प्रकाशित)	१०३०५।६३
खर्च	**७९६७।४०**
पूर्णिमा ५३ पूर्णाङ्कमा	९५६।८०
पूर्णिमा ५४ पूर्णाङ्कमा	१०९१।९५
पूर्णिमा ५५ पूर्णाङ्कमा	२१०८।९०
पूर्णिमा ५६ पूर्णाङ्कमा	१९४२।
पूर्णिमामा छापिने लेख आदि साफी गराउँदा भएको खर्च	१०००।
कोठाबहाल	६००।
संस्थानवीकरण	२५।
अरू	२४२।७५
बाँकी	**१४३३७।५१**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका)

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय—

संशोधन–मण्डल

१०/३७४ वटु सवलबहाल, काठमाडौं, नेपाल

वि. सं. २०४१ फाल्गुन

यस अङ्कको मूल्य रु. १५।–

मुद्रक—

लुष प्रेस

ख १, ३७३ काठमाडौं—१